# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९२ | काठमाडौं | आइतबार, ०४ फागुन २०८१ | Prabhab National Daily | Sunday, February 16, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**साइबर अपराधबाट बचौं**

- सामाजिक सञ्जाल वा अन्य माध्यमकमा अश्लिल श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाइक नगरौँ ।
- सामाजिक सञ्जालमार्फत कसैको चरित्र हत्या नगरौँ,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौँ,
- सामाजिक सञ्जालमार्फत गलीगलौज नगरौँ,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौँ ।
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अध्यादेश रोकिँदा ओलीलाई छटपटी

## मंगलबार सबै अध्यादेश राष्ट्रियसभामा पेस गरिने

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले ल्याएका अध्यादेशहरू राष्ट्रियसभामा यही ६ फागुनमा निर्णयार्थ पेस गरिने भएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शनिबार बसेको सत्तारुढ दलहरूको यस्तो निर्णय गरेको गृहमन्त्री रमेश लेखकले बताएका छन् ।

'अब अध्यादेश स्वीकृत हुने प्रक्रिया अघि बढ्छ । राष्ट्रियसभाको ६ गते बस्ने बैठकमा अध्यादेशहरू निर्णयार्थ टेबल हुन्छन्,' उनले बैठकपछि भने ।

संसद्को दुवै सदनमा अध्यादेश पेस भएको भने गएको १८ माघमा हो । २४ माघमा संसद् बैठकको सम्भावित कार्यसूचीमा अध्यादेशहरू स्वीकृतिका लागि निर्णयार्थ पेस गर्ने उल्लेख थियो । तर, राष्ट्रियसभामा निर्णायक रहेको जसपा नेपाल अनिर्णीत हुँदा अध्यादेश निर्णयार्थ पेस गर्ने कदमबाट सरकार पछि हट्यो । त्यसपछिका कुनै पनि संसद् बैठकमा अध्यादेशहरू निर्णयार्थ पेस गर्नेगरी कार्यसूची तय भएको छैन ।

यससँगै दुईतिहाइ बहुमतको प्रधानमन्त्री केपी शर्मा ओली नैतिक संकटमा फसेका छन् । उनलाई अध्यादेशले छटपटी बढाएको छ । यस्तोबेला उनले शनिबार सत्ता गठबन्धन दलहरूको बैठक बसाएका हुन् । बैठकबाटै सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश स्वीकृत गर्नेबारे जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र उपाध्यक्ष राजकिशोर यादवसँग टेलिफोनमा सम्वाद भएको पनि मन्त्री लेखकले बताए ।

'जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र उपाध्यक्ष राजकिशोर यादवसँग टेलिफोनमा सम्वाद भएको छ । उहाँहरू राजधानीबाहिर भएकाले बैठकमा सहभागी हुन सक्नुभएन । काठमाडौं फर्किएपछि सम्वाद गरेर सहमतिमा अगाडि बढ्ने सहमति बनेको छ,' उनले भने । उनले सरकारले जारी गरेका सबै अध्यादेश संसद्को दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाबाट स्वीकृत हुने दाबी गरे ।

तर, मन्त्री लेखककै दल कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने भूमिसम्बन्धी अध्यादेश पारित नहुने बताए । उनले सरकारले सत्तारुढ दलसँग छलफल नै नगरी हतारमा भूमिसम्बन्धी अध्यादेश ल्याउँदा अहिलेको परिस्थिति उत्पन्न भएको बताएका छन् । उनले सरकारको आलोचना गर्दै प्रभावसँग भने, 'प्रतिनिधिसभामा बहुमत रहेको, राष्ट्रियसभामा बहुमत नरहेको, यो परिस्थितिमा सरकारले सोच्नुपर्थ्यो । सबैसँग सरसल्लाह गरेको भए त यो कुरा उठ्दै उठ्दैन थियो ।'

तर, प्रधानमन्त्री ओलीले सत्ता समीकरणमा रहेका प्रमुख दलहरू र सरकारको सहायक भूमिकामा रहेका, समर्थनमा रहेका र विरोधमा रहेका दलहरूसँग पनि अध्यादेशको बारेमा छलफल गरिरहेका छन् । उनले प्रतिस्थापन विधेयकमार्फत अध्यादेशमा रहेका विवादित विषयहरू संशोधन गर्नेगरी अगाडि बढ्न सरकार लचिलो बनिरहेको पनि बताए ।



प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको सत्तारुढ दलको बैठकमा सहभागी शीर्ष नेताहरू । *तस्बिरः रासस*

अब अध्यादेश स्वीकृतिको प्रक्रिया अघि बढ्छ । राष्ट्रियसभाको ६ गते बस्ने बैठकमा अध्यादेशहरु निर्णयार्थ टेबल हुन्छन् ।

■ **रमेश लेखक**
**गृहमन्त्री**

सरकारले आवश्यकताका आधारमा ल्याएको अध्यादेश सबै राजनीतिक दलको सहमतिमा स्वीकृत हुन्छ ।

■ **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**

सरकारले सत्तारूढ दलसँग छलफल नै नगरी हतारमा भूमिसम्बन्धी अध्यादेश ल्याउँदा अहिलेको परिस्थिति उत्पन्न भएको हो ।

■ **मीन विश्वकर्मा**
**प्रचार विभाग प्रमुख, कांग्रेस**

क्रमशः पृष्ठ २ मा

## अध्यादेश रोकिँदा माधव 'खुसी'



केपी ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश रोकिँदा विपक्षी दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल खुसी देखिएका छन् । उनले सरकारले ल्याएको अध्यादेश माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग मिलेर थन्क्याइदिएको दाबी गरे ।

'हामीले राष्ट्रियसभा र प्रतिनिधिसभामा हामीले महत्त्वपूर्ण भूमिका खेलेका छौं । अहिले केपी ओलीको यो अध्यादेश यत्तिकै थन्किएको छ, झुन्डिएको छ । यो कसको कारणले हो ? हाम्रो कारणले हो । यो हेक्का होस्, सबैलाई हामीले पहल गर्‍यौं सबैलाई, हामी एक्लै लड्न त सम्भव छैन । हामी र माओवादी पार्टीले पहल गर्‍यौं । दुवैले सल्लाह गर्‍यौं । प्रचण्डजीले तपाईंले यसमा भूमिका खेल्नुस् भन्नुभयो । किनभने मान्छे (आफ्नो)को पनि बोली बिक्दछ ।'

# आयोजकको लापारवाहीले अर्थमन्त्री र मेयर घाइते

## उद्घाटनमा उडाउन लागिएको बेलुन विष्फोट हुँदा जलेर दुवैजना घाइते



कीर्तिपुर अस्पतालमा उपचाररत उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल (बाँया) र पोखराका मेयर धनराज आचार्य ।

- हाइड्रोजन ग्यास भरिएको बेलुन विष्फोट हुँदा अर्थमन्त्री विष्णु पौडेल र पोखराका मेयर धनराज आचार्य जलेर घाइते
- कीर्तिपुरस्थित बर्न अस्पतालको सघन कक्षमा उपचार जारी
- दुवैको अनुहारमा पाँच–छ प्रतिशत जलन भएको अस्पतालको भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हाइड्रोजन ग्यास भरिएको बेलुन पड्किँदा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र पोखराका मेयर धनराज आचार्य घाइते भएका छन् । 'पोखरा भ्रमण वर्ष २०२५' को उद्घाटन गर्नेक्रममा शनिबार बेलुनको झुप्पा उडाउन लाग्दा फायर क्यान्डिल (स्पाकर्लर्स)बाट निस्किएको झिल्कामा परेर विष्फोट भएको थियो । विष्फोटपछि निस्किएको आगोको ज्वालाले मन्त्री पौडेल र मेयर आचार्यको अनुहार जलेको हो ।

उनीहरू दुवैको काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालको सघन कक्षमा उपचार भइरहेको छ । अर्थमन्त्री पौडेलका स्वकीय सचिव याम पाण्डेका अनुसार पौडेलको घाँटीको पछाडिको भाग, हात र ओठमा जलनको असर देखिएको छ ।

बेलुन पड्किएर ठूलो आगो बलेपछि अर्थमन्त्री पौडेल मञ्चतर्फ दौडिएका थिए । सुरक्षाकर्मीले तत्कालै आगोको झिल्का छ कि भनेर टकटक्याएका थिए । बेलुन पड्केर ठूलो आगो बलेपछि मेयर आचार्य मञ्चको तलतर्फ हामफालेका थिए । आगोको लप्कोले मेयर आचार्यको गाला र कानमा असर गरेको पोखराकी उपमेयर मञ्जु गुरुङले बताइन् ।

अस्पतालले शनिबार साँझ विज्ञप्ति जारी गर्दै दुवै जना खतरामुक्त रहेको जनाएको छ । 'उहाँहरूको प्रारम्भिक मूल्यांकनअनुसार पाँच–छ प्रतिशत जलेको तर अनुहारमा जलन भएकोले श्वास नली र फोक्सोमा असर पर्न सक्ने सम्भावना रहेकोले उच्च निगरानीमा उपचार गर्नुपर्ने आवश्यकता देखिन्छ,' अस्पतालले जारी गरेको विज्ञप्तिमा छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### पुनः लयमा इजरायल रोजगारी

# जिटुजी प्रणालीमार्फत फागुनभित्रै ८२ जना सहायक कामदार जाँदै

■ **ममता थापा**



**काठमाडौं–** इजरायलले माग गरेको सात महिनापछि दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयरगिभर)का लागि ८२ जना नेपाली जाने भएका छन् । वैदेशिक रोजगार विभागका अनुसार उनीहरूको उडान यही फागुन पहिलो साता हुने छ । विभागले उनीहरूलाई तयारी अवस्थामा रहन भनेको छ ।

इजरायल र प्यालेस्टिनी लडाकु समूह हमासबीचको युद्धका कारण केही समय रोकिएको इजरायल रोजगारी सरकारले पुनः खोलेपछि त्यहाँ कामदार पठाउने क्रम सुरु भएको हो । विभागले गत असार ११ गते केयरगिभरका लागि आवेदन आह्वान गरेको थियो । जसका लागि चार हजार २४ जनाले अनलाइनमार्फत फाराम भरेका थिए । ती मध्ये तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएको थियो ।

विभागका अनुसार आवेदन स्वीकृत भएकामध्येबाट दुई हजार ११२ जनालाई गोलाप्रथा (लट्री)बाट छनोट गरिएको थियो । छनोट भएकाबाट एक हजार जनाको स्वास्थ्य परीक्षण गर्दा ९२३ जना सफल भएका थिए । सफल भएकाहरूबाट चार जना पूर्वप्रस्थान अभिमुखीकरण तालिम (पिडिओटी)मा अनुपस्थित भएकाले पहिलो चरणमा ९१९ जनाको करार सम्झौता आउने जनाइएको छ । पछिल्लोपटक २८ जनवरीयता करार सम्झौता आउन थालेको विभागले जनाएको छ । हाल दिनहुँजसो रोजगारदाताले हस्ताक्षरसहितको करार सम्झौता धमाधम पठाइरहेका छन् । बिहीबारसम्म २३१ जनाको करार सम्झौता आएको विभागले जानकारी दिएको छ ।

विभागको इजरायल शाखाका निर्देशक गिरिराज ज्ञवालीका अनुसार करार सम्झौतापछि भिसा लागेर आइसकेकाहरूको हकमा श्रम स्वीकृति र हवाई टिकट काट्ने काम हुन्छ । त्यसअघि इजरायलको जनसंख्या तथा आप्रवासनसम्बन्धी निकाय (पिवा)ले समय तोकेपछि हवाई टिकट काट्ने प्रक्रिया अगाडि बढ्छ । सम्झौता आइसकेकाको उडान कहिले आउँछ भन्नेमा रोजगारदाताको आवश्यकतामा भर पर्ने उनको भनाइ छ । 'यसपालि थोरै आवेदन परेको भएर सबैमा लट्री चलाइदिएको हो । नत्र आवेदन परेकामध्ये २५ प्रतिशत निकालेर मात्र चिठ्ठा छानिन्थ्यो,' ज्ञवाली भन्छन्, 'यद्यपि पहिले लट्रीमा फालिएकाहरू पनि लगेका उदाहरूण छन् । यदि इजरायलले छनोटमा नपरेकालाई पनि लान चाहेको खण्डमा हामी उनीहरूलाई फेरि खबर पठाउँछौं ।'

इजरायलले गत असार ११ गते सूचना निकालेर एक हजार कामदारको माग गरेको थियो । जसमध्ये ५०० मुख्य र ३०० वैकल्पिक कारदारका रूपमा लाने उल्लेख छ । उक्त मागका अनुसार ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष लगिने छ । केयरगिभरबाहेक निर्माण र कृषि क्षेत्रमा पनि नेपाली कामदार लैजाने भनेर केही अगाडि सूचना आएको थियो । अहिले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सम्बन्धित महाशाखाको संयोजकत्वमा एउटा कमिटी निर्माण भएको छ । उक्त कमिटीले समन्वय गरेर अन्य क्षेत्रमा कामदार लैजाने विषयमा निर्देशिकाहरू बन्ने क्रममा रहेको निर्देशक ज्ञवालीको भनाइ छ । हालसम्म जिटुजी प्रणालीमार्फत सन् २०२० यता एक हजार ३४५ जना इजरायल पुगेको ज्ञवाली बताउँछन् ।

सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण गरेपछि इजरायलले गाजामा सैन्य कारबाही थालेको थियो । हमासको हमलामा परेर 'लर्न एण्ड अर्न' कार्यक्रममा गएका १० नेपाली विद्यार्थीको पनि ज्यान गएको थियो । उक्त घटनामा बेपत्ता भएका नेपाली विद्यार्थी वीपिन जोशीको अवस्था अझै अज्ञात छ ।

त्यसयता नयाँ कामदार पठाउने प्रक्रिया अवरुद्ध थियो । यद्यपि पहिलेदेखि नै इजरायलमा कार्यरतहरू पुनः श्रम स्वीकृति लिएर जाने क्रम भने जारी नै थियो । चालु आर्थिक वर्षको साउनमा ३९, भदौमा ३२, असोजमा ३९, कात्तिकमा ११२, मंसिरमा ९१ र पुसमा ४७ जना इजरायल गएका तथ्यांक छ । यो संख्या व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर जानेहरूको हो ।


**जनहितमा जारी सन्देश**

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**


जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:



- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं



- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं



- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं



- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# कामपाद्वारा ५२ हजार ७४० जनालाई निःशुल्क कानुनी सेवा प्रदान




**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले हालसम्ममा ५२ हजार ७४० जनालाई निःशुल्क कानुनी सेवा प्रदान गरेको जनाएको छ । महानगर उपप्रमुख सुनिता डंगोलले पछिल्लो कार्यकालको अवधिमा उक्त संख्यामा सेवाग्राहीलाई निःशुल्क कानुनी सेवा प्रदान गरिएको जानकारी दिइन् । त्यसमध्ये चालु आर्थिक वर्षको हालसम्म मात्र छ हजार ८४७ जनाले उक्त सेवा लिइसकेका उनले बताइन् ।

प्राप्त जानकारीअनुसार प्रमुखको इजलासले हेर्ने ३०६ वटा विवाद समाधानका लागि ३३ पटक सुनुवाइ भई १७४ विवादमा निर्णय गरिएको छ भने ६५ वटा विवाद तामेलीमा र छ विवादमा मिलापत्र गरिएको छ । प्रमुखको इजलासबाट ८०.०६ प्रतिशत विवाद निरूपण भएका छन् । प्रमुखको इजलासमा भवन निर्माणको मापदण्डलगायत विवाद हेरिन्छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ अनुसार न्यायिक समितिको क्षेत्राधिकार, दफा ४८ अनुसार अधिकार क्षेत्रको प्रयोग, दफा ४९ अनुसार न्याय सम्पादनका प्रक्रियाबाट स्थानीय तहको न्यायिक समितिले काम गर्छ । कानुनका सर्वमान्य सिद्धान्त, नजिरको सिद्धान्त साथै प्रचलित ऐन कानुनको मूल्यमान्यतामा आधारित भएर समितिले हालसम्म ८३ पटक सुनुवाइ गरी न्याय निरूपण गरेको उपप्रमुख डंगोलले बताइन् । कूल ६०८ विवाद निरूपण हुँदा ३२६ वटा विवादमा निर्णय भएको छ भने १४१ विवाद मेलमिलापको माध्यमबाट समाधान गरिएका छन् । १३२ निर्णयउपर पुनरवेदन परेकामा १५ विवाद पुनरवेदन तहबाट टुंगिएका छन् । यस्तै, न्यायिक समितिका १३ वटा निर्णय पुनरवेदन तहबाट सदर भएका छन् । समितिले गरेका १०६ निर्णय कार्यान्वयन भइसकेका छन् भने ८८ वटा निर्णय कार्यान्वयनको प्रक्रियामा रहेका छन् । हाल न्यायिक समितिमा १४० विवाद विचाराधीन अवस्थामा रहेका जनाइएको छ ।

महानगरबाट आफ्नो क्षेत्रभित्र बसोबास गर्ने असमर्थ, विपद्मा परेका, आर्थिक, सामाजिक वा अन्य कारणले नेपालको संविधान तथा प्रचलित कानुनप्रदत्त अधिकारको प्रचलनका लागि न्यायिक उपचार प्राप्त गर्नबाट वञ्चित व्यक्तिलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने गरिएको छ । २०८० चैत १८ बाट कामपाले खर्च बेहोर्ने गरी यो सेवा प्रारम्भ गरिएको थियो ।

विवाद निरूपणका लागि कामपाले विवाद निरूपण (कार्यविधि) ऐन, २०७५, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि, २०७८, वडा महिला सञ्जाल कार्यविधि, २०७९, मेलमिलाप केन्द्र सञ्चालन निर्देशिका, २०७९, घर बहाल व्यवस्था निर्देशिका, २०७९, कानुनी सहायतासम्बन्धी कार्यविधि, २०८०, काठमाडौं महानगरपालिका बाल संरक्षण तथा बालअधिकारसम्बन्धी कार्यविधि, २०८०, साथी महानगर कार्यविधि, २०८१ कार्यान्वयनमा ल्याएको छ ।

# 'वर्षा हुने बलियो मौसम प्रणाली छैन'

**काठमाडौं (प्रस)–** पश्चिमी न्यून चापीय प्रणालीका कारण शनिबार काठमाडौं उपत्यकासहित देशभर मौसममा बदली आएकाले चिसो बढेको छ । मौसम बदली भए पनि यो कमजोर प्राणाली विकसित भएकाले पश्चिम क्षेत्रका केही ठाउँमा छिटपुट वर्षा भएको तर ठूलो पानी नपार्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

विगतमा पनि यसैगरी प्रणाली विकास भएको बताउँदै महाशाखाकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले पानी पार्ने खालको भने भएको उल्लेख गरिन् । शनिबारको प्रणाली पनि त्यसैको निरन्तरता भएको मौसमविद्ले जनाएका छन् ।

वरिष्ठ मौसमविद् मानन्धरले भनिन्, 'पश्चिम क्षेत्रमा हल्का छिटपुट वर्षाको सम्भावना छ । शनिबार देशैभर धुम्म बादल लागिरहयो, काठमाडौंमा पनि त्यही अवस्था हो, सुदूरपश्चिम, कर्णालीमा छिटपुट वर्षा हुने भए पनि कमजोर प्रणाली हो ।'

उनले यो हिउँदमा विभिन्न प्रणाली आए पनि वर्षा गराउने प्रणाली भने नआएको बताइन् । विगतमा वर्षा कम गराउने आकलनअनुसार नै यसपालि वर्षा कम भएको जानकारी दिँदै उनले अझै पनि सुक्खा बढाउने बताइन् । उनका अनुसार वर्षा गराउने प्रणाली भने कमजोर छ ।

'मौसम बदली भएसँगै शनिबार पुनः चिसो महसुस गरिएको छ । यद्यपि उपत्यकामा बिहान-बेलुका चिसो कायम छ । हिउँदको बीचमा एकपटक तापक्रम ह्वात्तै बढेको र फेरि घटेको थियो । यो वर्ष यसरी तापक्रममा निकै घटबढ भएको थियो,' मौसमविद् मानन्धरले भनिन् ।

अझै एक साता हालको जस्तै तापक्रम रहने र अर्को सातादेखि विस्तारै तापक्रम बढ्दै जाने उनले जानकारी दिइन् । 'जाडोयाम लागेपछि नेपालमा राम्ररी पानी पर्न सकेको छैन । जसका कारण विभिन्न क्षेत्रका बालीनालीमा असर गरेको छ,' उनले भनिन् ।

# पेट्रोलको मूल्य बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ भने डिजेल र मट्टीतेलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको शनिबारको बैठकले मध्यरातदेखि लागू हुनेगरी पेट्रोलको साबिकको बिक्री मूल्यमा प्रतिलिटर एक रूपैयाँ बढाएको छ । डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर चार रूपैयाँले घटाएको निगमले जनाएको छ ।

मूल्य समायोजनसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १६५ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६७ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६५ रूपैयाँ कायम भएको छ । यस्तै, डिजेल र मट्टीतेल पहिलो वर्गका लागि प्रतिलिटर १५३ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५५ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १५६ रूपैयाँ कायम गरिएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा ०.५८ रूपैयाँ बढेर र डिजेलमा ३.५९ रूपैयाँ घटेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७९२५१७, ४७९३१८५-१२०
वेबसाइट: www.manjushreefinance.com
ईमेल: manjushree@manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/०४

यस वित्तीय संस्थाको विभिन्न शाखा कर्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिंदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८० को १२ (९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरी सूचित गरिएको छ ।

तपसिल

| | |
|---|---|
| **१. ऋणीको नाम :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय प्रा.लि. कम्पनि ऐन, २०५३ बमोजिम मिति २०६१/१२/२५ मा दर्ता नं. ३३७६५/०६१/६२ भएको, स्थायी लेखा नं. ३०१८८०५२१ भई काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **यमुना विल्डर्स प्रा.लि.**<br>**कर्जाको प्रकार : व्यवसाय डिमाण्ड कर्जा तथा देव राज बिष्टको नाममा प्रवाह भएको आवास कर्जा समेत** | **सञ्चालक/व्यक्तिगत जमानिकर्ता : देव राज बिष्ट**<br>बाबु : धनन्जय विष्ट<br>बाजे : गोपाल दत्त विष्ट<br>ना.प्र.नं. ७२/१/४०/८८२५/२४६<br>जारी मिति : २०३६/०४/१३<br>जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, साविक धाप गा.वि.स. वडा नं. ६<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ |
| **व्यक्तिगत जमानिकर्ता : बिनोद राज बिष्ट**<br>बाबु : देब राज बिष्ट<br>बाजे : धनन्जय विष्ट<br>ना.प्र.नं. २०३३२<br>जारी मिति : २०५८/०६/१५, जि.प्र.का.: दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, साविक धाप गा.वि.स. वडा नं. ४<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ | **व्यक्तिगत जमानिकर्ता : सुरेश राज बिष्ट**<br>बाबु : देव राज बिष्ट<br>बाजे : धनन्जय विष्ट<br>ना.प्र.नं. ७२/१/४०/५८२१३<br>जारी मिति : २०६७/०७/१४, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ५<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ |
| **व्यक्तिगत जमानिकर्ता : उत्तम कुमार विष्ट**<br>बाबु : देव राज विष्ट<br>बाजे : धनन्जय विष्ट<br>ना.प्र.नं. ७२/१/०४०/५१८३६<br>जारी मिति : २०६५/०१/१०, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ६<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ | **व्यक्तिगत जमानिकर्ता : दुर्गा देवि बिष्ट**<br>बाबु : नारायण दत्त जोशी<br>पति : देव राज विष्ट<br>ना.प्र.नं. ७२/१/४०/८२९२/२३३४८<br>जारी मिति : २०५९/११/२८, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ४<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ |
| **व्यक्तिगत जमानिकर्ता : धना देवि बिष्ट**<br>बाबु : कमलापती भट्ट, पति : धनन्जय विष्ट<br>ना.प्र.नं. १२९२, जारी मिति : २०४४/११/२७, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ४, हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ | |
| **२. ऋणीको नाम :** औद्योगिक व्यवसाय ऐन, २०७५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ बमोजिम प्रदेश सरकार, सुदरपश्चिम प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय खलंगा, दार्चुलामा मिति २०७८/०८/२१ गते उद्योग दर्ता नं. २१७४/०७८/०७९ मा दर्ता भएको स्थाई लेखा नं ६१७९२०३०४ भई दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **वि.आर.बि. निमार्ण सेवा**<br>**कर्जाको प्रकार : व्यवसायीक आवधिक कर्जा** | |
| **सञ्चालक/व्यक्तिगत जमानिकता : सुरेश राज बिष्ट**<br>बाबु : देव राज विष्ट<br>बाजे : धनन्जय विष्ट<br>ना.प्र.नं. ७२/१/४०/५८२१३<br>जारी मिति : २०६७/०७/१४, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ५<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ | **व्यक्तिगत जमानिकर्ता : देव राज बिष्ट**<br>बाबु : धनन्जय विष्ट<br>बाजे : गोपाल दत्त विष्ट<br>ना.प्र.नं. ७२/१/४०/८८२५/२४६<br>जारी मिति : २०३६/०४/१३, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, साविक धाप गा.वि.स. वडा नं. ६<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ |
| **व्यक्तिगत जमानिकर्ता : दुर्गा देवि बिष्ट**<br>बाबु : नारायण दत्त जोशी<br>पति : देव राज विष्ट<br>ना.प्र.नं. ७२/१/४०/८२९२/२३३४८<br>जारी मिति : २०५९/११/२८, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ४<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ | **व्यक्तिगत जमानिकर्ता : उत्तम कुमार विष्ट**<br>बाबु : देव राज विष्ट<br>बाजे : धनन्जय विष्ट<br>ना.प्र.नं. ७२/१/०४०/५१८३६<br>जारी मिति : २०६५/०१/१०, जि.प्र.का. दार्चुला<br>ठेगाना : दार्चुला जिल्ला, धाप गा.वि.स./उ.म.न.पा. वडा नं. ६<br>हाल : कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. ६ |


पृष्ठ १ बाट क्रमशः

## अध्यादेश रोकिँदा...

उनले भूमिसम्बन्धी अध्यादेशमा राष्ट्रपति रामचन्द्र पौडेलबाट समेत आशंका भएकाले यो अध्यादेश जस्ताको जस्तै स्वीकृत नहुने बताए । 'अध्यादेश संविधानबमोजिम छ, कानुनबमोजिम छ । यसबारेमा कसैको विमति छैन तर भूमिसम्बन्धी अध्यादेशको विषयका बारेमा स्वयं राष्ट्रपतिज्यूले पनि अलि फराकिलो छलफल गर्नुपर्थ्यो भन्नुभएको छ र अहिले जस्तो छ, त्यस्तै स्वीकृत हुँदैन, यदि हुने भए पनि प्रतिस्थापन विधेयकबाट सच्याउनेगरी हुन्छ,' उनले भने ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व अध्यादेश, निजीकरण ऐन २०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश ल्याएको हो । ती सबै अध्यादेश संसद्को दुवै सदनमा पेस गरिएको छ ।

तर, भूमिसम्बन्धी अध्यादेशलाई जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले अस्वीकार गर्ने निर्णय गरिसकेका छन् । यी दुई दलले अस्वीकार गर्ने निर्णय गर्दा भूमि अध्यादेश स्वीकृत नहुने भएको छ । तर, दुवै दललाई प्रतिस्थापन विधेयक ल्याएर सच्याउने भन्दै फकाउने रणनीति कांग्रेस र एमालेले लिएका छन् ।

गृहमन्त्री लेखकका अनुसार शनिबारको बैठकले भूमिसम्बन्धी अध्यादेशमा भएका विवादित विषय प्रतिस्थापन विधेकय ल्याएर सच्याउँदै अघि बढ्ने र त्यहीअनुसार सहमति भएको बताए । बैठकमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली, कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टी (नाउपा)की अध्यक्ष रञ्जिता श्रेष्ठ र जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानलगायत सहभागी थिए ।

बैठकपछि नाउपा अध्यक्ष श्रेष्ठले भूमिसम्बन्धी अध्यादेशको अन्तर्वस्तु अध्ययनका लागि सत्तारुढ दलहरूले नै कार्यदल गठन गर्ने सहमति भएको बताइन् । यथावस्थामा उक्त अध्यादेश स्वीकृत नहुने देखिएपछि परिमार्जन गर्नेगरी कार्यदल गठनको सहमति भएको जानकारी दिइन् ।

तर, कोशीको राजधानी विराटनगर पुगेका एमाले महासचिव शंकर पोखरेलले भने सरकारले जारी गरेका अध्यादेश सबै राजनीतिक दलकै सहमतिमा स्वीकृत हुने दाबी गरे । विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले सरकारले आवश्यकताका आधारमा ल्याएको अध्यादेशमा सबै राजनीतिक दलको सहमति हुने जिकिर गरेका हुन् ।

ओली सरकारले गत पुस र माघको पहिलो सातासम्ममा गरी छ वटा अध्यादेश जारी गरेको थियो । संसद् अधिवेशन नभएको बेला सरकारले अध्यादेश ल्याउन पाउने संवैधानिक प्रावधान छ । तर, भूमिसम्बन्धी अध्यादेश सर्वाधिक विवादित बनेको छ । मुख्य सत्ता सहयात्री कांग्रेसबाटै पनि विरोध भइरहेको छ । सत्ता गठबन्धनका साना दलहरू जसपा नेपाल र लोसपा उक्त अध्यादेशको विपक्षमा छन् । विपक्षी दलहरू त सबै अध्यादेशको विपक्षमै छन् ।

■■■

## आयोजकको लापारवाही...

हाइड्रोजन ग्यासलाई निकै ज्वलनशील मानिन्छ । हाइड्रोजन भरिएका बेलुन आगो (झिल्को आइरहेको स्पाकर्लर्स) नजिक लैजाँदा दुर्घटना भएको ठानिएको छ । पोखरा भ्रमण वर्ष उद्घाटनको क्रममा सामान्य सावधानीसमेत नअपनाउँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

हाइड्रोजन ग्यास अत्यन्त प्रज्वलनशील पदार्थ भएको र हलुका हुने भएकोले बेलुन उढाउन त्यसको प्रयोग गर्ने गरिन्छ । हलुका हुने भएका कारण बेलुन आकाशमा उडाउन नेपालमा हाइड्रोजन भर्ने अभ्यास रहेको छ ।

आकाशमा उडाइने बेलुनमा हिलियम ग्यासको प्रयोग सुरक्षित मानिन्छ । हिलियम भने महँगो पर्ने भएका कारण बेलुन भर्ने ठाउँहरूमा हाइड्रोजनको प्रयोग गर्ने गरिएको छ । जबकि, मुखले फुलेर बनाइएका बेलुन भए दुर्घटनाको जोखिम नहुने विज्ञहरू बताउँछन् । तर, पोखरामा भने हाइड्रोजन ग्यास भरिएको दीप प्रज्वलित बेलुन उडाउनका लागि प्रयोग गरिएको थियो, जुन विष्फोट भयो, अर्थमन्त्री पौडेल र मेयर आचार्य घाइते भए ।

उनीहरूको उपचारका लागि कीर्तिपुर ल्याइएपछि पोखरा भ्रमण वर्ष उद्घाटनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलगायत मात्रै रहे ।


### श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
**गैडाकोट, नवलपरासीको**

## वार्षिक साधारण सभा बस्ने सूचना

श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेडको मिति २०८१।१०।२२ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७८।०७९, २०७९।०८० र २०८०।०८१ को अठाईसौं, उनान्तिसौं र तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**
क. मिति : २०८१।११।२७ गते (तदनुसार ११ मार्च २०२५)
ख. समय : विहान ११.०० बजे
ग. स्थान : अर्पण ब्यांकेट, नयाँ बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरुः**

**(क) साधारण प्रस्तावहरु**
१. संचालक समितिले तयार गरेको आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को दफा ७८ सम्बन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८१।८२ का लागि लेखा परीक्षक नियुक्तीको सिफारिस गर्ने बारे ।
५. संचालक नियुक्तीको अनुमोदन गर्ने ।
६. संचालक समितिले गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने ।
७. विविध ।

**(ख) विशेष प्रस्तावहरु**
१. कम्पनीको उद्देश्य थप गरी संचालन गर्ने बारे ।
२. कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने बारे ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोटः साधारण सभा सम्वन्धि जानकारी तथा कम्पनीको संक्षिप्त वार्षिक विवरण कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेडको वेबसाईट www.sunrisecapital.com.np बाट प्राप्त गर्न सकिनेछ ।



### टीकापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/०४ गते**

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आन्तरिक आयको ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८१/११/०४ गतेका दिन सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np.egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१२/०५ गते दिनको १२:०० बजेसम्म र बोलपत्र खोल्ने मिति २०८१/१२/०५ गते दिनको २:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

| आन्तारिक आय ठेक्का नं. | आन्तारिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम ३ वर्षको (मू.अ.कर बाहेक) रु. | धरौटी वापतको रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/NCB/IR/49/2081/082 | कृषि हाटबजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का, टीकापुर न.पा., वडा नं.१, बल्क नं.११ र वडा नं.७, सत्ती, कैलाली | १५,००,०००।- (पन्ध्र लाख मात्र) | कबोल अंकको ५% | १,०००/- | ३ (तीन) वर्ष |

विस्तृत जानकारीको लागि www.bolpatra.gov.npegp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



### बेलौरी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८१/११/०४)**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट पी.एस.सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | *Construction of Black top road from Amrit Distillery to Sugarmill road (Chainage 0+000 to 0+750) Contract Identification: BELMUN/NCB/R/081/082-03* | *Shree Mahakhali Construction Sewa Bhim Dutta-4 Kanchanpur* | रु८६,३१,०६५ | |



**ह्विलचियर बास्केटबल** | लुम्बिनी प्रदेश खेलकुद परिषद्को आयोजनामा प्रदेशस्तरीय ह्विलचियर बास्केटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै लुम्बिनीका शारीरिक अशक्तता भएका पुरुष खेलाडी । दाङको घोराहीमा भएको प्रतियोगितामा दाङसहित बाँके, कपिलवस्तु र नवलपरासी पश्चिमका शारीरिक अशक्तता खेलाडीको सहभागिता छ । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# ९९ वर्षमा आँखाको ज्योति फर्किएपछि...



**काठमाडौं-** पर्वत-४ की ९९ वर्षीय विष्णुमती दमाईको खुसीको कुनै सीमा छैन । दुई वर्षदेखि पूर्णरूपमा अन्य व्यक्तिका सहारामा अन्धकारमा जीवन बिताउन बाध्य उनी अहिले उज्यालो देख्न पाएपछि हर्षित छिन् ।

उनले मोतियाबिन्दुका कारण दुई वर्षअघिदेखि पूर्णरूपमा दुबै आँखाको दृष्टि गुमाउनुपरेको थियो । उनले कुश्मामा सञ्चालन गरिएको निःशुल्क शल्यक्रिया शिविरमा शल्यक्रियापछि पुनः संसार देख्न पाएकी हुन् ।

उनले भनिन्, 'सात-आठ वर्ष अगाडिदेखि आँखाले धुमिल देख्न थालेको थियो । दुई वर्षदेखि पूरै केही देख्नै नसक्ने भएँ । मलाई बिहान बेलुकीको छाक टार्न पनि मुस्किल पर्छ ।' उसो त उनको छोराछोरी कोही नभएकाले हेरचाह नातिनीले गरिरहेका छन् ।

दुई वर्षदेखि पूर्णरूपमा अन्यकै सहरामा जीवन निर्वाह गरिरहेकी विष्णुमतीले पुनः संसार देख्न पाएपछि खुसी हुँदै आफ्नो शल्यक्रिया गर्ने चिकित्सकलाई धन्यवाद दिइन् । 'अब यो जुनिमा फेरि संसार देख्न पाउँछु जस्तो लागेको थिएन, मलाई सहारा दिने नातिनीको अनुहार नै नदेखि मर्छु कि जस्तो लागेको थियो तर अहिले सबै देख्न पाए शरीर कमजोर भए पनि अब अरुको बोझ बन्नु पर्दैन भन्ने लागेको छ । तपाईं सबै भगवान्लाई धन्यवाद,' उनले भनिन् ।

नेपाल नेत्रज्योति संघ हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोग, रेज होप फाउन्डेसन युकेको आर्थिक सहयोग तथा पर्वतमा रहेका विभिन्न लायन्स क्लबको समन्वयमा प्रदेश अस्पताल कुश्मामा सञ्चालन गरिएको निःशुल्क शिविरबाट विष्णुमतीजस्तै १५४ जना मोतियाबिन्दुका बिरामीले निःशुल्क शल्यक्रिया गरिएको थियो ।

हिमालय आँखा अस्पतालका बाहच कार्यक्रम संयोजक सुवास नेपालका अनुसार पर्वत जिल्लाका विभिन्न आठ स्थानमा सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरबाट छनोट गरिएका १५४ जना मोतियाबिन्दुका बिरामीको गत माघ २९ गतेदेखि यही फागुन १ गतेसम्म निःशुल्क शल्यक्रिया गरिएको हो ।

शिविरकै लागि बेलायतबाट नेपाल आएका रेज होप फाउन्डेसनका अध्यक्ष डा. विशाल गुरुङले आफ्नो सानो प्रयासले बुबा आमाको जीवनमा खुसी फर्किएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमासमेत नेपालको अन्धोपन निवारणमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

सो अवसरमा नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. चेतराज पन्तले 'हाम्रो कर्तव्य हाम्रो जिम्मेवारीः आँखा सेवामा साझेदारी' भन्ने मूल नारासहित विभिन्न निकायसँगको सहकार्यमा संघले आफ्नो सञ्जालमार्फत अस्पतालको पहुँचबाट टाढा रहेका नागरिकलाई वार्षिक सयौं शिविरको आयोजना गरी उपचार सेवा प्रवाह गरिरहेको बताए ।

उनले भने, 'गाउँमा धेरैजसो न्यून आयस्तर भएका नागरिक, गरिब र विपन्नको बसोबास हुन्छ, उनीहरू स्वास्थ्यमा समस्या आएपछि उपचार गराउन आर्थिक अभाव तथा पहुँचको अभावका कारणले गर्दा रोग लिएर बसिरहन बाध्य छन् त्यसैले संघले उनीहरूको घर आगनमै गएर गुणस्तरीय आँखा उपचार सेवा प्रवाह गरिरहेको छ ।' हिमालय आँखा अस्पतालका नेत्ररोग विशेषज्ञ डा. हरीविक्रम अधिकारीको नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले बिरामीको शल्यक्रिया गरेको थियो । *रासस*

# अहमदिया संघको रक्तदान शिविर

## ३५ जनाले गरे रक्तदान

■ **विविशा पौडेल**

**काठमाडौं-** अहमदिया संघ नेपालले रक्तदान शिविर सम्पन्न गरेको छ । मानव सेवाको अभियानअन्तर्गत संघले शनिबार बालुवाखानी कपनमा रक्तदान आयोजना गरेको हो । कार्यक्रममा ३५ जना रक्तदाताले रक्तदान गरेको संघले जनाएको छ ।

कार्यक्रममा संघका सदस्य नजिर लकले रगतको अभाव भइ बिरामीले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदान आयोजना गरिएको बताए । साथै, समाजमा रक्तदानको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्य रहेको उनले बताए । 'हाम्रो उद्देश्य केवल रगत संकलन गर्नुमात्र होइन, जनचेतना अभिवृद्धि गर्नु पनि हो,' उनले भने, 'रक्तदान स्वास्थ्यका लागि फाइदाजनक छ र यसले अरूको जीवन बचाउन मद्दत




गर्छ भन्ने सन्देश फैलाउनु हो ।'

समाजमा सेवा गर्छु भन्नेलाई सरल र उत्कृष्ट कार्य रक्तदान भएको उनले बताए । एकचोटि रक्तदान गर्दा तीन जनासम्मको जीवन बचाउन सकिने उनको भनाइ छ । 'हामी मुस्लिम समुदायका हौं तर आज रक्तदान कार्यक्रममा हिन्दू धर्मावलम्बीहरूको पनि उपस्थिति रह्यो । यसले भेदभावरहित मेलमिलाप कायम गर्न थप टेवा पुगेको छ,' सदस्य लकले बताए ।

रक्तदान शिविरमार्फत संकलित रगत नेपाल रेडक्रस सोसाइटीमार्फत आवश्यक बिरामीलाई उपलब्ध गराइने आयोजकले जनाएको छ । यस कार्यक्रमले रक्तदान संस्कृतिलाई प्रवर्द्धन गर्ने, समुदायलाई सहयोगी बनाउन प्रेरित गर्ने र भविष्यमा अझ धेरै व्यक्तिहरूलाई रक्तदान गर्न उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

आयोजकका अनुसार नेपालमा रक्त अभावको समस्या समाधान गर्न यस्ता अभियान निरन्तर सञ्चालन गर्न आवश्यक छ । स्थानीय नागरिकहरू पनि यस अभियानबाट प्रभावित भएका छन् । आगामी दिनहरूमा थप सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने योजना बनाएको संघले जनाएको छ ।

# लेबनानमा शान्ति सेनामाथि आक्रमण, उपरथी ढकाल घाइते

**काठमाडौं (प्रस)-** युनिफिल लेबनानमा शान्ति सेनामाथि आक्रमण भएको छ । लेबनानको राजधानी बेरुतमा शान्ति सेनाका डेपुटी फोर्स कमाण्डर नेपाली सेनाका उपरथी चोकबहादुर ढकाललगायत सुरक्षाकर्मी सवार सवारीसाधनमा उत्तेजित भीडले आक्रमण गरेको हो ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार घाइते भएका उपरथी ढकाललाई 'युएन लेभल-३' अस्पतालमा पुऱ्याइएको थियो । अस्पतालले उनको स्वास्थ्य जोखिममुक्त रहेको जनाएको छ । उपरथी ढकाल कार्यकाल पूरा गरी स्वदेश फर्कने क्रममा थिए ।

घटनाका सम्बन्धमा युनिफिल मिसन मुख्यालयले प्रेस विज्ञप्ति जारी गर्दै दक्षिणी लेबनानमा सुरक्षा र स्थिरता स्थापना गर्न सेवा गरिरहेका शान्ति सैनिकमाथि भएको आक्रमणबाट स्तब्ध भएको जनाएको छ । शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा गर्दै संयुक्त राष्ट्र संघले लेबनान सरकारलाई घटनाको तत्काल अनुसन्धान गरी आवश्यक कारबाहीको माग गरेको छ ।

लेबनानका प्रधानमन्त्री र लेबनिज आर्मड फोर्सले तत्काल अनुसन्धान गरी संलग्न व्यक्ति तथा समूहलाई कारबाहीको दायरामा ल्याउने बताएका छन् ।


**ओमनमा रोजगार** — कम्पनी : ROYAL STAR LINE

पूर्व स्वीकृति मिति : २०८१/०३/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०३ | LT. No. 306701 | चलानी नं.६०२२१४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 82 | 0 | 100 | ३५,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | वर्ष |

अन्तरवार्ता हुने स्थानः झापा, विर्तामोड ग्र्याण्ड प्यासिफिक होटेलमा मितिः २०८१ फागुन ११ गते (23th Feb. 2025) मा हुनेछ । (Kathmandu Contact No. : 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 |
सुनसरी, इटहरी सिटी मुनाल ट्रेनिङ सेन्टरमा मितिः २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ । (Itahari Contact No. : 981636815, 9810591900)
चितवन, सिटी भरतपुर गार्डेन होटेलमा मितिः २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ । (Chitwan Contact No. : 0-56512369, 0-56512368, 9769328733, 9763597744)
रूपन्देही, बुटवल, सिटी रोज पार्टी प्यालेस.मा मितिः २०८१ फागुन १३ गते (25th Feb. 2025) मा हुनेछ । (Butwal Contact No. : 9802676987)
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १४ गते (26th Feb. 2025) मा हुनेछ । (Jhapa Contact No. : 9801427302, 9801427305)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**साउदीमा रोजगार** — कम्पनी : Mohammed Saad Ali Al Atat

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318870 | चलानी नं. ६०२३३०५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ११ गते (23rd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**साउदीमा रोजगार** — कम्पनी : QAWAED ALESKAN COMPANY GENERAL CONTRACTING.

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | LT. No. 318875 | चलानी नं. ६०२३२४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६६,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ११ गते (23th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७



**Thaha Municipality**
**Office Municipal Executive**
**Indrayanichaur, Makawanpur**

**Invitation for E-Bid**

**Second Publication Date of Publication: 16-02-2025 (04-11-2081)**

1. Thaha Municipality invites electronic bids from eligible bidders for the below mentioned works under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

| Identification No. | Work Description | Total amount with VAT and PS | Bid security amount (Rs) | Cost of Bidding Document | Bid validity/ Bid Bond Validity Period | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| Thaha/03/ goods/NCB/ 2081/082 | supply of sanitary pad. | 17,29,315.84 | 44000.00 | 3000 | 90 days/120 days from last date of bid Submission | 03-03-2025 until 12:00pm |

3. The employer has right to accept or reject the bid whatsoever.
For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**



**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालयः ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५६, ५४३२७१८
पञ्चशील सदस्य सेवा केन्द्रहरू
चापागाउँ, फोन नं. ०१-५२६५४७१, सरस्वतीनगर, काठमाडौं, फोन नं. ०१-४८१३४४७, कोटेश्वर, काठमाडौं फोन नं. ०१-४६१०६१७, ४६१०१०७
न्युरोड, काठमाडौं फोन नं. ०१-५३५५४०८, भक्तपुर, सूर्यविनायक फोन नं. ०१-६६१५६४७

**कर्जा चुक्ता/भुक्तान तथा धितो लिलाम बारेको ७ (सात) दिने सूचना !**

*दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०४ गते, आइतबार*

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित कर्जा सदस्यहरूले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने बुझाउने साँवा, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरी कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले कर्जा सदस्यलाई ऋण कर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो, लिलामीको लागि **दोस्रो पटक ७ (सात)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र कर्जा सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा, व्याज आदि संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थालाई लेखिदिएको तपशिलमा उल्लेखित विवरण रहेको सम्पत्ति लिलाम बिक्री गरी तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमसुक, शर्तनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था वमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा, व्याज, हर्जना तथा असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरू समेत असुलउपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराइन्छ ।

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जा चुक्ता नगर्ने शेयर सदस्यहरूको संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूले तपसिलमा उल्लेखित अचल सम्पत्ति डाक बढाबढ बोलकबोलद्वारा लिलाम सकार गरी लिन तोकिएको समयभित्र यस संस्थाको मुख्य कार्यालय ल.म.न.पा.-१९, कुमारीपाटीमा उपस्थित भई निम्न सर्तहरूको अधिनमा रही आफूले सकार गरी लिन चाहेको व्यहोरा खुलाई निवेदन गर्नुहुन सबैमा सूचित गरिन्छ । प्राप्त निवेदनका आधारमा संस्थाको कार्यालयमा ८ (आठ)औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन अपरान्ह ४:०० बजे डाक बढाबढ कार्यक्रम रहने हुँदा निवेदन दाता, सम्बन्धित कर्जा सदस्य तथा धनजमानी दिने सम्पूर्ण सदस्यहरू समेत उपस्थितका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | कर्जा सदस्यको नाम ठेगाना | व्यक्तिगत जमानी कर्ता | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **नाम** : रविन कुमार कार्की<br>**बाजे** : कटक बहादुर कार्की<br>**पिता** : चेत बहादुर कार्की<br>**ना.प्र.न.**: १३१०३७/८, ओखलढुंगा<br>**ठेगानाः** काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.२ जोरपाटी | १.**नाम** : भवानी शंकर ढुंगेल<br>**ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा वडा नं ३२, पेप्सीकोला<br>२. **नाम** : सविना घिमिरे<br>**ठेगाना** : काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं २ जोरपाटी | श्री रविन कुमार कार्कीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, साविक शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ सिट नं ७ (य) को कि.न. १६५९० को जम्मा क्षेत्रफल २६५८.२२ व.मि. रहेको जग्गा र सो जग्गामा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**शर्तहरू :**
१. दर्ताका लागि निवेदन संस्थाको मुख्य कार्यालयबाट रु.१०००/-(अक्षरूपी एक हजार रूपैंया मात्र ) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिने छ । फोटोकपी गरेको फर्म मान्य हुने छैन ।
२. लिलाम गरिने सम्पत्ति सकार गर्न इच्छुक प्रस्तावकहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन अपराहन्न ४:०० बजे भित्र निवेदन दर्ता गरि सक्नुपर्ने छ ।
३. लिलाम बिक्री गरिने सम्पतीको स्थलगत निरिक्षण गर्न चाहेमा, कागजपत्र हेर्न चाहेमा वा घर/जग्गाको न्यूनतम मुल्य जान्न चाहने प्रस्तावकहरूले निवेदन दर्ता गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ ।
४. निवेदन फारममा आफुले खरिद गर्न चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्ने छ ।
५. लिलाममा डाक बढाबढमा अन्तिम पटक सबै भन्दा बढि कबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १०% (दश प्रतिशत) ले हुने रकम त्यसै दिन संस्थामा धरौटी बापत बुझाउनुपर्ने छ ।
६. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चिततताको लागि सूचना पाएको मितिले ७ दिन भित्र बाकीँ रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापतको १०% (दश प्रतिशत) रकम स्वतः जफत हुनेछ । निज पछि सबै भन्दा बढि रमक प्रस्ताव गर्ने प्रस्तावको नाममा लिलाम बिक्री गर्न सकिनेछ ।
७. तोकिए अनुसार लिलामको दिन सहकारी वा सरकारी विदा परेमा त्यसको लगत्तै संस्थाको कार्यालय खुलेको दिन लिलाम बढाबढ हुने छ ।
८. लिलामको दिन सबै भन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ ।
९. सहकारी ऐन, नियमवाली तथा यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी विनियमवाली अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उपयुक्त समयमा आफ्नो स्वामित्वमा लिन सक्ने छ ।
१०. लिलाम बिक्री गर्दा लागेको खर्च कर्जा सदस्य स्वयमले नै व्यर्होनु पर्ने छ ।
११. संस्थामा सुरक्षण स्वरूप रहेको धितोबाट सम्पूर्ण रकम असुल उपर नभएमा कर्जा सदस्य तथा जमानीको नाममा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ ।

***नोट : लिलाम हुने मितिः २०८१/११/११ गते, स्थानः संस्थाको मुख्य कार्यालय, समय ४:०० देखि ५:०० बजेसम्म ।***

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वार्षिक लक्ष्यमा निराशाजनक नतिजा

चालु आर्थिक वर्ष २०८१/८२ को सात महिना पार भइसकेको छ । यो अवधिसम्म सरकारको 'पर्फमेन्स' भने कमजोर देखिएको छ । यो सरकारकै निकायले सार्वजनिक गरेको तथ्यांकले नै देखाइरहेको छ । माघ मसान्तसम्ममा सरकारको आम्दानी र खर्च दुवै कमजोर रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकमा प्रस्ट देखिन्छ । यस अवधिमा वार्षिक लक्ष्यको तुलनामा आम्दानी ४४.८३ प्रतिशत र खर्च ४०.५८ प्रतिशतमा सीमित भएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो । यस आवमा १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रूपैयाँ बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । तर आयव्यय दुवै कमजोर भएपछि सरकारले अर्धवार्षिक समीक्षामार्फत सुरुआती विनियोजनको तुलनामा ९०.९९ प्रतिशतमात्रै बजेट खर्च गर्ने संशोधित अनुमान गरेको छ । अर्थात् चालु आर्थिक वर्षमा १६ खर्ब ९२ अर्ब ७३ करोड २५ लाख रूपैयाँ बराबरमात्रै बजेट खर्च गर्ने संशोधित अनुमान छ ।

सुरुआती विनियोजनको तुलनामा माघ मसान्तसम्म सरकारको चालु खर्च ४५.८२ प्रतिशत छ । चालुगत शीर्षकमा ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रूपैयाँ विनियोजन भएकोमा सात महिनामा पाँच खर्ब २२ अर्ब ६२ करोड ५३ लाख रूपैयाँ खर्च भएको छ । त्यस्तै, पुँजीगत शीर्षकमा तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रूपैयाँ बजेट विनियोजन भएकोमा ६८ अर्ब ४१ करोड ५९ लाख रूपैयाँमात्रै खर्च भएको छ । अर्थात् सुरुआती विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च १९.४२ प्रतिशत हो ।

सरकारको बजेट खर्चमात्र नभइ राजस्व संकलन पनि कमजोर छ । कूल १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रूपैयाँ बराबर वार्षिक राजस्व उठाउने लक्ष्य राखेको सरकारले माघ मसान्तसम्ममा छ खर्ब ५९ अर्ब ७३ करोड ५७ लाख रूपैयाँ राजस्व असुली गरेको छ । सात महिनाको राजस्व संकलन सुरुआती लक्ष्यको ४४.८३ प्रतिशत हो ।

यसरी सरकार आफ्नो लक्ष्यमा असफलतातर्फ अघि बढिरहेको तथ्यांकले देखाउँछ । राज्यको ढुकुटीमा न लक्ष्य अनुसार खर्च गर्न सकेको छ, न त विकास निर्माणलाई गति दिने पुँजीगत खर्च । सात महिना बितिसक्दा पुँजीगत खर्च १९ प्रतिशतमा सीमित हुनु लज्जाको विषय हो । भाषण र नारामा मात्रै विकास र समृद्धिको कुरा गर्ने सरकारको व्यवहारमा भने कार्यशैली निकै कमजोर देखाउँछ । यसमा तत्काल सुधार गर्नुको विकल्प छैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारबाट यी अवस्थामा फर्किए क्षतिपूर्ति पाइन्छ

कुनै वैदेशिक रोजगार कम्पनीले वैदेशिक रोजगारीमा पठाउन रकम लिएर तीन महिनाभित्र पनि पठाउन नसकेमा त्यस्तो कम्पनीका विरुद्ध उजुरी गरी २० प्रतिशत ब्याजसहित वैदेशिक रोजगार विभागले फिर्ता गराउन सक्छ । तर, कुनै कामदारले प्रवेशाज्ञा (भिसा) प्राप्त भएपछि पनि जान इन्कार गरेमा भने प्रवेशाज्ञा शुल्क कट्टा गरी बाँकी रकममात्र फिर्ता पाइन्छ । कसैले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी झूठो आश्वासन दिई कुनै रकम लिएमा लिएको रकमको ५० प्रतिशत हर्जाना र विदेश जान र आउन लाग्ने खर्चसमेत असुल गराइन्छ ।

वैदेशिक रोजगारीका क्रममा सम्झौतामा उल्लेख भएबमोजिमको सर्तबमोजिम पारिश्रमिक नपाएमा वा काममा फरक परेमा विभागमा उजुरी गरी रकम असुल गर्न सकिन्छ । कुनै मुलुकमा युद्ध माहामारी वा प्राकृतिक विपत्ति परी स्वदेश फर्केको भए स्वदेश फर्केलगत्तै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुपर्छ । त्यहाँबाट आर्थिक सहयोग पाइन्छ ।

वैदेशिक रोजगारको क्रममा रोजगारदाता कम्पनी खारेज भएर वा आर्थिक मन्दीलगायत अन्य कारणले कम्पनी बन्द भई रोजगार समाप्त भई स्वदेश फर्कनुपरेमा स्वदेश फर्केलगत्तै बोर्ड र विभागमा सम्पर्क गर्नुपर्छ । ती निकायले क्षतिपूर्ति भराउनसक्छ । विदेशमा कामको सिलसिलामा अंगभंग भई स्वदेश फर्केको ९० दिनभित्र बोर्डमा सम्पर्क गरे आर्थिक सहायता पाइन्छ । वैदेशिक रोजगारमा जाँदा लिइएको स्वास्थ्य परीक्षण प्रमाण गन्तव्य मुलुकमा अस्वीकार भई स्वदेश फर्कनुपरेमा स्वास्थ्य व्यवसायी महासंघमा सम्पर्क गर्नुपर्छ । त्यहाँबाट लागेको रकम फिर्ता पाउने व्यवस्था छ ।

वैदेशिक रोजगारका क्रममा मृत्यु भएमा कल्याणकारी कोषको रकमबाट बोर्डले मृतकको परिवारलाई एक लाख ५० हजार रूपैयाँ दिने गर्दछ । यसैगरी बिमा भएको पाँच लाख रूपैयाँ पनि परिवारका हकदारले पाउने छन् । उक्त रकमका लागि मृतकको परिवारले मृत्यु भएको एक वर्षभित्रै निवेदन दिनुपर्दछ । वैदेशिक रोजगारीका क्रममा पीडित भई फर्केका कामदारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले सहयोगात्मक विभिन्न कार्यक्रम चलाएका हुन्छन् । ती संघ संस्थामा पनि सम्पर्क गरेर सहयोग कार्यक्रमबाट लाभ प्राप्त गर्न सकिन्छ ।

# श्रमिक महिलाको पीर: आमा बन्ने कि जागिर रोज्ने ?



■ अमृता अनमोल

नेपालको बिमा उद्योग विकसित हुँदै जाँदा पुनर्बिमाको माग पनि बढ्दै जाने छ । प्राकृतिक एवं मानव सिर्जित दुवै खाले चुनौतीहरूको सामना गर्न नेपाल लचिलो (सबल) भएको सुनिश्चित गर्न यो क्षेत्रले आफूलाई बदलिँदो बजार गतिशीलता, नियामकीय सर्तहरु तथा बढ्दो जोखिमहरूसँग समायोजन गर्नु अपरिहार्य हुन्छ । धेरै भन्दा धेरै प्रिमियम देशभित्रै कायम राख्न सघाउँदै र आफ्नो विश्वव्यापी उपस्थिति विस्तार गर्दै लगेर नेपालको पुनर्बिमा क्षेत्रले आउँदा वर्षहरूमा देशको आर्थिक विकास र वित्तीय स्थायित्वमा अझ मह□वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ ।

अर्घाखाँचीकी संगीता थापा बुटवलको अमरपथस्थित ब्युटी कलेक्सनमा काम गर्थिन् । लेखा र व्यवस्थापकको दोहोरो जिम्मेवारी थियो । बिहान ९ देखि साँझ ६ बजेसम्म काम गर्नुपर्थ्यो । तलब, सुविधा र काम गर्ने वातावरण राम्रै थियो । यही कारण १० वर्ष अघिदेखि अर्थात् कक्षा १२ पढ्दादेखि काम थालेकी उनी डिग्री उत्तीर्ण गर्दासम्म त्यहीँ अडिइन् । तर, जब संगीता गर्भवती भइन्, काम रोकियो । गर्भवती भएदेखि नै कार्यालयमा उनीप्रतिको व्यवहार फेरिएको थियो । कहिलेदेखि बिदामा बस्ने भनेर सोधिरहन्थे । गर्भ सात महिना पुग्दै गर्दा कम्पनीले बिदामा बस्न दबाब नै दियो । संगीता अमिलो मन बनाउँदै बिदामा बसिन् । सुत्केरीबाट तंग्रेपछि काममा फर्कने मन थियो तर पद खाली छैन भनेर राखिएन । उनी वर्षौंदेखि काम गरेको संस्थाबाट खाली हात फर्किइन् । संगीता भन्छिन्, 'आमा बन्दा जागिर गुम्यो । सानी नानी छन् भनेपछि नयाँ संस्थामा पनि काम नपाइने रहेछ ।'

नेपालको कानुनले सुत्केरी आमालाई ९८ दिन तलबी बिदाको व्यवस्था गरेको छ । तर, धेरै निजी तथा सामुदायिक संस्थाले अहिले पनि श्रमिक महिलालाई सुत्केरी बिदा दिँदैनन् । बरु बिदा दिनुपर्छ भन्ने डरले गर्भवती भएको थाहा पाएपछि नै कामबाट निकाल्छन् । यसको परिणाम आमा बन्दा जागिर गुमाउने महिला श्रमिक धेरै छन् । कामबाटै निकालिने भएपछि जागिर रोज्ने कि आमा बन्ने ? यस प्रश्नले धेरै कामकाजी महिला तनावमा हुन्छन् । श्रमिक महिला आमा बनेकै कारण रोजगारीबाट बाहिरिने घटनाप्रति सरकारी ध्यान भने पुगेको छैन । न त श्रम कार्यालयले अनुगमन गरेको भेटिन्छ, न स्थानीय, प्रदेश र संघीय सरकारले नै वास्ता गरेको छ । कानुन बनाउने र कार्यान्वयन गर्ने दुवै निकाय मौन छन् । यसले सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्रै हो भन्ने भाष्य निर्माण भएको छ । निजी संस्थाहरू आफ्नो जिम्मेवारीबाट पन्छिइरहेका छन् ।

केही निजी एवं सामुदायिक संस्थाले सुत्केरी बिदा दिन्छन् । तर श्रमिक सुत्केरी भएपछि शिशुको स्याहारका लागि कुनै सुविधा दिँदैनन् । न त, कार्यालयमा शिशु राख्ने व्यवस्था हुन्छ, न शिशुलाई दूध चुसाउने समय र स्थान छुट्याएका हुन्छन् । आठ घण्टा श्रम गर्ने महिलाले शिशुलाई त्यति लामो समय दूध नचुसाई काममा खटिन सक्दैनन् । त्यसपछि बाध्य भएर आमा बनेका श्रमिक जागिर छोड्न पुग्छन् । नयाँमा मात्र होइन वर्षौंदेखि काम गरेका संस्थामा पनि श्रमिक महिलाको समस्या यस्तै छ । यो समस्या श्रमिकको ठानिँदैन । कानुनको उपहास भएको पनि मानिँदैन । एउटी महिलाको मात्र समस्या ठानिन्छ । यसैले आमा बनेकै कारण श्रमिक महिला कामबाट बाहिरिँदा पनि उसका लागि बोलिदिने र पैरवी गरिदिने कोही भेटिँदैन । श्रमिककै हितका लागि खोलिएका संघसंस्था पनि यसबारेमा मौन बसेका छन् ।

नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको विषयलाई सुविधा होइन, महिलाको अधिकारका रूपमा परिभाषित गरेको छ । संविधानको धारा, ३८(२) मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुने छ' भनिएको छ । यसको जगमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बनेको छ । प्रजनन स्वास्थ्य अधिकार ऐनको १३ नम्बर बुँदामा प्रसूति बिदाको व्यवस्था छ । ऐनले श्रमिक महिलाका लागि तलबी सुत्केरी बिदा र शिशु हेरचाहकोसमेत अधिकार दिएको छ । त्यसमा भनिएको छ, 'सरकारी, गैरसरकारी वा निजी संघसंस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुभन्दा अघि वा पछि कम्तीमा ९८ दिनको तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुने छ ।' यसर्थ सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्र होइन । श्रमिक राख्ने निजी र गैरसरकारी संस्थाका लागि पनि हो । सुत्केरी बिदा पाउनु कुनै श्रमिक महिलाको सुविधामात्र होइन, अधिकार पनि हो । यसर्थ, सुत्केरी बिदाको अधिकारको व्याख्या हुन जरुरी छ । निजी संस्थाले किन सुत्केरी बिदा कार्यान्वयन गर्दैनन् । अनुगमन हुन जरुरी छ ।

प्रजनन स्वास्थ्य अधिकार ऐनले श्रमिक महिलालाई गर्भवती वा सुत्केरी अवस्थामा हुनसक्ने जटिलताबारे पनि सम्बोधन गरेको छ । सबै श्रमिक महिलालाई ९८ दिन बिदा पर्याप्त नहुन सक्छ । गर्भवती वा सुत्केरी अवस्थामा जटिलता देखिन सक्छन् । यस्तो अवस्थामा पनि उनीहरूको श्रम नखोसिने व्यवस्था सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनमा छ । ऐनमा उल्लेख छ, 'प्रजनन गर्भवती वा सुत्केरी महिलालाई उक्त बिदा अपुग हुने भएमा विज्ञ चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्मको बेतलबी बिदाको अधिकार हुने छ ।' सुत्केरी वा गर्भवती समयमा जटिलता भएर सुविधा लिने निजी संस्थाका श्रमिक त छैनन् । सरकारी कार्यालयमा पनि यो वा त्यो बहानामा सुविधा दिइँदैन । यसले श्रमिक महिलाहरू आमा बन्नै डराउने अवस्था देखिन थालेको छ ।

ऐनमा सुत्केरी श्रमिकमात्र होइन, उसको शिशुको सुरक्षा र व्यवस्थापनको अधिकार पनि दिएको छ । ऐनमै सरकारी, गैरसरकारी वा निजी संघसंस्थामा कार्यरत महिलालाई दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने छ भनिएको छ । कुनै गर्भवतीले मृत शिशु जन्माएमा पनि जीवित शिशु जन्माएसरहको बिदा पाउने अधिकार छ । पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा पनि सुत्केरी हुनुभन्दा पहिले वा पछि १५ दिन प्रसूति स्याहार बिदा पाउने उल्लेख छ । प्रजनन स्वास्थ्य रुग्णताका कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा शल्यक्रिया गर्नु पहिले वा पछि कम्तीमा ३० दिनको बिदा पाउने व्यवस्था छ । यस्तो बिदाबारे धेरै निजी सस्थाले बहससम्म पनि गर्दैनन् । उनीहरू काममा बाधा पुग्ने भन्दै तर्किएका छन् । यसबारे को बोल्ने ? अन्यायमा परेका आमा श्रमिकको न्यायका लागि कसले पहल गर्ने ? बहस जरुरी छ ।

सुरक्षित मातृत्व तथा प्रजनन सेवा लिन पाउने हरेक महिलाको आधारभूत अधिकार हो भने सुरक्षित सेवा दिनुपर्ने राज्यको कर्तव्य हो । सुरक्षित मातृत्व महिलाको सुविधाको विषयमात्र होइन, महिला अधिकारको कुरा हो । राज्यको दायित्व पनि हो । महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार ल्याउन राज्यको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । श्रमिक महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार नआए समग्र महिलाको प्रजनन स्वास्थ्य सुध्रँदैन । त्यसैले आमा बन्दाको सुरक्षाका लागि सेवा प्रवाहक संस्था पनि संवेदनशील हुनुपर्छ । श्रमिक महिलाले गर्भवती र सुत्केरी अवस्थामा पाउने सुविधा श्रमिक महिलाको अधिकार हो । सुत्केरी र गर्भवती समयमा श्रमिक महिलालाई दिने सुविधा सेवा प्रदायक संस्थाको कर्तव्य हो, दायित्वका पनि हो ।

पछिल्लो समय कामकाजी महिला बढेका छन् । सरकारी कार्यालयमा भन्दा १० गुणा बढी महिला निजी, सामुदायिक र गैरसरकारी संस्थामा कार्यरत छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार अहिले पनि नेपालमा प्रतिएक लाख जीवित जन्ममा १५१ जना आमाको मृत्यु हुन्छ । यो मातृमृत्यु अहिले पनि उच्च हो । नेपालले दिगो विकासको लक्ष्य पुग्न मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा ७० भन्दा कम गर्नुपर्छ । दिगो विकासको लक्ष्यअनुरूप सन् २०३० सम्ममा यो अनुपात ७० मा झार्ने सरकारको लक्ष्य रहेको छ । यो लक्ष्य भेटाउन श्रमिक महिलाको प्रजनन स्वास्थ्य सुधारका लागि हरेक सेवा प्रदायक संस्थामा अनिवार्य सुत्केरी बिदाको व्यवस्था लागू गर्नुपर्छ । नेपालको संविधान, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन र श्रम कानुन जुनसुकै प्रावधानलाई हेरे पनि आमा श्रमिकका लागि प्रजनन अधिकारको व्यवस्था छ ।

प्रजनन स्वास्थ्यलाई धेरैले अझै पनि एउटी स्वस्थ महिलाले स्वस्थ शिशु जन्माउने प्रक्रियामात्र बुझेको पाइन्छ । शिशु जन्माउनका लागि आमा स्वस्थ हुनेदेखि शिशु स्वस्थ राख्नेसम्मको प्रक्रिया हो । महिलाले आफ्नो ज्यान जोखिममा पारेर आफ्नो सन्तानमात्र जन्माउँदिनन् देशका लागि नागरिक पनि जन्माउँछिन् । यसर्थ गर्भवती, सुत्केरी र शिशु स्याहारको कुरा श्रमिक महिला र परिवारको विषयमात्र होइन, राज्यकै अपरिहार्य विषय हो । त्यसलाई बुझाउन महिलाप्रति हेर्ने दृष्टिकोणमै परिवर्तन आवश्यक छ । प्रजनन स्वास्थ्यमा सुधार ल्याउन श्रमिक महिलाको बिदा र सुविधासम्बन्धी अधिकार कार्यान्वयन गर्नुपर्छ । प्रजनन स्वास्थ्यलाई महिलाको मात्रै विषय बनाइनु हुँदैन । देशकै मामिलाका रूपमा लिनुपर्छ । महिलाका प्रजनन स्वास्थ्यका हरेक चरणमा राज्यको भूमिका र कर्तव्य जोड्नुपर्छ । सरकारीमा जस्तै निजी, सामुदायिक र सरकारी सेवाप्रदायक संस्थामा पनि अविलम्ब सुत्केरी बिदाको अधिकार कार्यान्वयन गरिनुपर्छ । श्रमिक महिलालाई आमा बन्दा जागिर गुम्ने त्रासबाट मुक्त पारिनुपर्छ । ***रासस***

# संसद्मा जनताका विषयवस्तु उठाएर मात्रै हुँदैन, कार्यान्वयन गर्नुपर्छ



■ विन्दबासिनी कंसाकार

प्रतिनिधिसभामा आएको दुई वर्ष भयो । यो दुई वर्षको कार्यकाल मेरो लागि अत्यन्त चुनौतीपूर्ण नै रह्यो । किनभने म करिब ११ वर्ष अगाडि तेजाब आक्रमणबाट पीडित भएको व्यक्ति हुँ । त्यसपछि दुई वर्षजति कुमारी बैंकमा काम गरें । मलाई पहिला राजनीतिक क्षेत्र मन पर्दैनथ्यो । मन नपराइनपराइ पनि केही नयाँ गर्नुपर्छ भन्ने उद्देश्यले राजनीतिमा आएकी हुँ । राजनीतिमा आएपछि धेरै कुरा सिक्ने अवसर पाएँ । हिजोको दिनमा सडकमा आन्दोलन गरेर हरेक कुराका लागि आवाज उठाइरहेकी थिएँ । त्यही आवाज मैले आज सदनमा उठाइरहेकी छु । सदनमा बसेर जनताको काम गर्न पाइरहेकी छु । हिजो म जस्तै एसिड आक्रमणमा परेकाहरूका लागि आवाज उठाइरहेको हुन्थें भने आज सम्पूर्ण देश र जनताका लागि आवाज उठाइरहेकी छु । जनताको पक्षमा कानुन निर्माणका लागि पहल गरिरहेकी छु ।

संविधान जारी भएको करिब १० वर्ष भएको छ । यो १० वर्षको अवधिलाई हेर्ने हो भने संविधान पूर्णरूपमा कार्यान्वयन भएको छ भन्ने त होइन, तर केही कार्यान्वयन भएको छ । तर, जब कानुन बन्छ, त्यो कानुन व्यावहारिकरूपमा हेर्दा अदालती प्रक्रियासम्ममात्र रहन्छ । कानुन बनाउनेमात्रै होइन कि सांसद भएपछि त्यसलाई कार्यान्वयन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । वि.सं. २०७७ तिर तेजाबसम्बन्धी अध्यादेश आयो । त्यसका लागि कानुन पनि बनेको छ । कानुन बनिसकेपछि अदालती प्रक्रियामात्रै भयो । जस्तो, आठ वर्षदेखि २० वर्षसम्म कैद भन्ने कुरा आएको थियो । अदालतले फैसला सुनायो, कैद पनि तोकियो तर पीडितले पाउनुपर्ने क्षतिपूर्ति भएन । आज पनि तेजाब खुलेआम बिक्री वितरण भइरहेको छ । तेजाब लिनका लागि हामी सामान्य परिचयपत्र वा कुनै पनि कागजात लिएर जाँदैनौं । तर अध्यादेश र कानुनअनुसार आफ्नो परिचय नखुलाई तेजाब किन्न पाउनुहुन्न । तेजाब बेच्नेले पनि किन्ने मान्छेको पूरा विवरण लिएरमात्रै किन्न पाउँछ । कानुन यति कडा बनाइएको छ । तर कार्यान्वयन फितलो छ ।

संसद्मा जनताको सवाल अधिकतम् उठाइएको छ । तर जनताको विषयवस्तु उठाएरमात्रै के नै हुन्छ र ? कानुन पनि चाहिन्छ । जनताका समस्या समाधन गर्नेतर्फ कानुनले ध्यान दिनुपर्छ । विषयवस्तु उठाउनेमात्रै भन्दा पनि कार्यान्वयन हुनुपर्छ । मुलुकको सुशासन र समृद्धिको निम्ति कानुन बनाएर लागू गर्नुपर्छ । निर्वाचनको समयमा राजनीतिक दलका नेताले जनतासमक्ष जुन प्रतिबद्धता जनाएका हुन्छन्, अधिकांश अवस्थामा त्यसको कार्यान्वयन भएकै हुँदैन । केही समयअघि सरकारले नेपाललाई डिजिटल नेपाल बनाउने भनेको थियो । तर आज पनि बैंकबाट रकम ट्रान्सफर गर्दा ११-१२ रूपैयाँ काटेको हुन्छ । मन्त्री, सांसद आफैंले संसद्को रोस्ट्रममा उभिएर बोलेको कुरा कार्यान्वयन हुँदैन । त्यसैले मुलुकलाई सुशासन दिँदै समृद्धितर्फ लैजाने हो भने राजनीतिक दलका नेताले भाषणमात्रै गरेर हुँदैन । कार्यान्वयन मुख्य कुरा हो ।

युवालाई रोजगारीको कुरा गर्दा मैले पटक-पटक संसद्मा हेटौंडा सिमेन्ट उद्योग सञ्चालन गर्नका लागि कुरा उठाउँदै आएकी छु । यो उद्योग बन्द भएको छ महिना भयो । देशमा चल्दाचल्दै बन्द भएका धेरै उद्योगहरू अहिले पनि बन्द भएका छन् । ती उद्योगलाई सरकारले फेरि सञ्चालन गरेर युवालाई रोजगारीको व्यवस्था गर्नुपर्छ । निजी उद्योगहरू चलि नै रहेका छन् । तर सरकारले सञ्चालन गरेका उद्योग किन बन्द भइरहेका छन् ? त्यसबारेमा सरकारले समीक्षा गरेर अगाडि बढ्नुपर्छ । सरकारले नै भएका कलकारखाना र उद्योगहरू बन्द गरेर युवालाई विदेश जान बाध्य बनाउँदै छ । एकातिर सरकारले युवालाई रोजगारी दिन्छौं भनिरहेको हुन्छ, अर्कोतिर भएका उद्योगहरू धमाधम बन्द गर्दै गएको पाइन्छ । यसरी त युवालाई रोजगारी दिन सकिँदैन, देशभित्रै युवालाई राख्न सकिन्न । रोजगारीका लागि सरकारले उत्पादनमा जोड दिनुपर्छ । हेटौंडा कपडा उद्योग, रबर उद्योग, नेपालको गलैंचा विश्वमै प्रसिद्ध छ । रोजगारी सिर्जना गर्न गाह्रो छैन । तर सरकारसँग गर्ने तत्परता छैन ।

मैले केही समय अगाडि जलनसम्बन्धी गैरसरकारी विधेयक संसद्मा दर्ता गरेकी छु । त्योभन्दा पछि सरकारले ल्याएको विधेयक प्रतिनिधिसभामा लगिएको छ । जलनसम्बन्धी विधेयकका लागि मैले मात्र आवाज उठाएर हुँदैन । सबैले आवाज उठाउन जरूरी छ । जलनसम्बन्धी विधेयक अतिआवश्यक विधेयक हो । यसलाई ल्याउनका लागि देशका सचेत नागरिकले सकारात्मक दबाब दिन जरूरी छ । केही दिनअघि काठमाडौंकै एक पसलमा आगलागी हुँदा ११ जना मानिस घाइते भएका छन् । तीन जनाको निधन भयो । त्यतिमात्रै होइन विभिन्न समयमा गर्मी वा जाडोको बेलामा मानिस जलनमा परेका हुन्छन् । नेपालको तथ्यांक हेर्ने हो भने बर्सेनि ६० देखि ६५ हजार मानिस जलनको समस्यामा परेका छन् । उनीहरूलाई न कुनै उपचार छ, न सरकारले कुनै राहत नै दिएको छ । धेरै आवाज उठिसकेपछि अहिले सरकारले सातै प्रदेशमा जलन अस्पताल बनाउने निर्णय गरेको छ । तर कार्यान्वयन हुन्छ वा हुँदैन भन्नेमात्रै हो । नेपालको जुनसुकै ठाउँमा जलन भए पनि आउने भनेको काठमाडौंको कीर्तिपुर अस्पताल नै हो । तर त्यहाँ पनि पर्याप्त बेड छैन ।

***(प्रतिनिधिसभा सदस्य कंसाकारसँग राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीमा आधारित)***



**सीप सिक्दै महिला** | धनगढी उपमहानगरपालिका वडा नम्बर ३ ले महिलालाई स्वरोजगार बनाउने उद्देश्यले आयोजना गरेको १५ दिने सिलाइकटाइ तालिममा सहभागी स्थानीय महिलाहरू ।

*तस्बिरः मीन ठकुरी/रासस*

# वन अतिक्रमण गरेर बनाइएका टहरा हटाइयो

**झापा (प्रस)-** वन डिभिजन कार्यालयले मेचीनगर नगरपालिका-१३ चारआलीस्थित प्रगति सामुदायिक वनक्षेत्र अतिक्रमण गरी बनाइएका १८ अस्थायी टहरा हटाएको छ ।

पूर्व-पश्चिम राजमार्गसँग जोडिएको उक्त स्थानमा विगत १८ वर्षदेखि तरकारी र माछामासु बजार सञ्चालन गर्दै आएका १८ परिवारले वनक्षेत्र अतिक्रमण गरी अनधिकृत अस्थायी संरचना बनाएका थिए । सशस्त्र प्रहरी, नेपाल प्रहरी र वनरक्षक टोली परिचालन गरी शनिबार उक्त अतिक्रमण हटाएर वनक्षेत्र खाली गराइएको डिभिजन कार्यालयका प्रमुख मेघराज राईले बताए ।

वन डिभिजनको पहलमा डोजर लिएर सुरक्षाकर्मी पुग्दा स्थानीय व्यवसायीसँग केहीबेर विवाद भएको थियो । वन कार्यालयले अतिक्रमण हटाइछाड्ने अडान राखेपछि स्थानीयले अस्थायी टहरा आफैं हटाएका थिए । तीन पटक सार्वजनिक सूचना र पटक-पटक छलफल गर्दासमेत अतिक्रमण नहटाइएपछि बाध्य भएर वनक्षेत्र सुरक्षित राख्न सुरक्षाकर्मी परिचालन गर्नुपरेको राईले बताए ।

स्थानीय बासिन्दाले अस्थायी टहरा हटाएर बजार स्थानान्तरण गर्न १० दिनको समय मागेको मेचीनगरका नगरप्रमुख गोपाल बुढाथोकीले बताए । स्थानीयले १० दिनभित्र आफैं अस्थायी टहरा हटाएर लैजाने भन्दै नगरपालिकामा निवेदन दिएका थिए । 'अर्को स्थानमा व्यवसाय सञ्चालनका लागि वैकल्पिक व्यवस्था गर्न समय लाग्छ, १० दिन म्याद दिनुहोस् भनेर वन डिभिजन र प्रमुख जिल्ला अधिकारीसँग आग्रह गर्‍यौं,' नगरप्रमुख बुढाथोकीले भने, 'तर वन डिभिजन कार्यालयले मानेन ।'

चारआली बजारको पश्चिममा रहेको सो स्थान प्रगति सामुदायिक वनअन्तर्गत रहेको छ । सालका रुख रहेको उक्त स्थान दुई दशकयता अतिक्रमणमा पर्दै आएको छ । अतिक्रमित स्थानका सालका रुख सुकेर उजाड बनेका छन् भने बजार क्षेत्रका बासिन्दाले सीमा मिचेर पक्की संरचना बनाएका छन् ।

वन डिभिजन कार्यालयका प्रमुख राईले पहिलो चरणमा अतिक्रमण गरी बनाइएका अस्थायी संरचना हटाइएको जानकारी दिँदै कसैले पक्की संरचना बनाएको रहेछ भने वनक्षेत्रको सीमा अध्ययन गरेर भावी दिनमा म्याद दिएर हटाइने बताए ।

# विकासले उज्यालिँदै बसाइँसराइले अँध्यारा बन्दै

**गलेश्वर (म्याग्दी)-** सडक, सञ्चार, शिक्षा र स्वास्थ्यको पहुँचसँगै विकासले उज्यालिँदै गरेका गाउँ बसाइँसराइले अँध्यारा बन्दै गएका छन् । संघीयता कार्यान्वयनमा आएसँगै स्थानीय तह सबल हुँदा विकासका कार्यक्रम गाउँ केन्द्रित भए पनि गाउँ रित्तिँदै गएको हो ।

वर्षौंदेखि ओझेलमा परेका गाउँबस्तीमा विकास पुगेको छ । घरआँगनमै गाडी गुड्ने सडक छन् । नजिकै विद्यालय छ । वडा कार्यालयसँगै स्वास्थ्यचौकी, घरघरमा झलमल्ल बिजुली, घाँस पराल बोकेर घरगोठमा पुग्ने ट्र्याक्टर, मोटरसाइकल सबैको सुविधा गाउँमा भए पनि गाउँ छोड्दै सहर झर्ने र मधेस पस्नेहरूको संख्या बर्सेनि बढ्दै गएको छ ।

*'गाउँ गाउँजस्तो छैन*
*सहर सहरजस्तो छैन*
*कस-कसले के-के गर्दिए कुन्नि*
*आफू जन्मिएको ठाउँ नै चिनिँदैन ।'*

कवि हेम हमालको कवितामा भनिएझैं तीव्ररूपमा भइरहेको बसाइँसराइ र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षणका कारण ग्रामीण सौन्दर्य रित्तिदै जाँदा गाउँ गाउँजस्ता रहेनन् भने सहर पनि वर्णशंकर हुँदै जान थालेको छ । चार/पाँच वर्षअघिसम्म दुर्गम मानिएका गाउँहरूमा पछिल्लो समय विकासको लहर चलेको छ । तर, विकास र सुविधा गाउँमा पुगेपछि मोटर चढेर गाउँ छोड्नेहरू



पनि उत्तिकै बढेका रघुगंगा गाउँपालिका-६ ठाडाखानीका टेकबहादुर छन्त्यालले बताए ।

हेर्दै रहरलाग्दो म्याग्दीको मालिका गाउँपालिका-२ मा पर्ने रूम गाउँको यो सौन्दर्य अहिले बसाइँसराइका कारण एक्लिँदै जान थालेको छ । 'गाउँमा घरहरू त छन् तर, घरमा बस्ने मानिस छैनन् । बस्ती पातलिँदै जान थालेको छ । भीरपहरा र खोलाहरू छिचोल्दै गाउँमै सडक पुगेको छ । सुविधा थपिएका छन् । विद्यालय, स्वास्थ्यचौकीदेखि लिएर खानेपानी र सिँचाइको राम्रो सुविधा भए पनि मानिसहरू थप सुविधाको खोजिमा सहर बजार र तराईतिर जानेक्रम भने झन बढ्दै जान थालेका छन्,' छन्त्यालले भने ।

ठाडाखानीमात्रै होइन आफ्नै रीतिथिति र जीवनशैलीमा रमाएको म्याग्दी जिल्लाका दर्जनौं गाउँहरू पछिल्लो समय बसाइँसराइका कारण उजाडिँदै जान थालेका छन् । जिल्लाका दुर्गम गाउँहरूबाट मात्रै होइन सदरमुकाम नजिक र सबै कुराको सुविधा पुगेका गाउँहरूबाटसमेत बसाइँसराइ बढ्दै गएको छ । बेनी नगरपालिकाको ज्यामरूककोट, पुलाचौर, सिंगा, भकिम्ली, घतानजस्ता गाउँहरू समेत बसाइँसराइका कारण रित्तिँदै जान थालेका स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

आठ/दश वर्षअघि ५५ घरधुरी भएको बेनी नगरपालिका-२ गौश्वारा गाउँमा अहिले २६ घरधुरीमामात्रै मानिसको बसोबास रहेको छ । त्यसैगरी १७९ घरधुरी भएको बगरफाँट र खबरा क्षेत्रबाट ४८ परिवारले बसाइँ सरेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए । गाउँमा विकासले गति लिँदै गरे पनि बसाइँ सर्नेको संख्यामा भने कमी आउन नसकेको उनको भनाइ छ । गाउँमा साह्रोगाह्रो र आपत्‌विपत् पर्दा सहयोग गर्ने छिमेकी घट्दै जान थालेका र विकास निर्माणको काम गर्न समस्या हुने गरेको मंगला गाउँपालिका-२ का केदार जैसीले बताए ।

म्याग्दीमा वैदेशिक रोजगारीमा जाने, सेवासुविधाका लागि ठूला सहर र जिल्लाबाहिर बसाइँसराइ गर्ने र कम बच्चा जन्माउने प्रवृत्तिका कारण १० वर्षअघिको तुलनामा जनसंख्या घटेको पाइएको छ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार वि.सं. २०६८ को तुलनामा ०.५४ प्रतिशतले म्याग्दीको जनसंख्या घटेको हो ।

वि.सं. २०६८ को जनगणना अनुसार एक लाख १३ हजार ६४१ जना जनसंख्या रहेको जिल्लामा २०७८ को प्रारम्भिक नतिजामा एक लाख सात हजार ३७२ जना भएको केन्द्रीय विभागको तथ्यांकमा उल्लेख छ । *रासस*

# भरतपुर लगातार तीन वर्ष उत्कृष्ट

**चितवन (प्रस)–** कार्यसम्पादन मूल्यांकनमा भरतपुर महानगरपालिका उत्कृष्ट पालिका भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको नतिजामा देशभरिका अन्य छ महानगरपालिकालाई उछिन्दै भरतपुर उत्कृष्ट भएको हो ।

यो आर्थिक वर्षसहित भरतपुर महानगर लगातार तीन वर्षसम्म उत्कृष्ट भएको छ । महानगरका उपनिर्देशक जगन्नाथ अर्यालका अनुसार आगामी आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान (कार्यसम्पादनमा आधारित) अनुदान वृद्धि भएर जाने छ ।

आयोगले विभिन्न १७ वटा सूचकको आधारमा मूल्यांकन गर्दा महानगरपालिका अगाडि आएको हो । ती सूचकहरूमध्ये पालिकाले गरेको खर्च, बेरूजु, लेखापरीक्षणले औंल्याएको बेरूजु, स्थानीय सञ्चित कोष व्यवस्था प्रणालीको प्रयोग, आवधिक योजना गरे नगरेको, राजस्वको विभाजन गरे नगरेकोलगायतका सूचकमा मूल्यांकन गर्ने गर्दछ ।

समय सीमाभित्र बजेट ल्याए नल्याएको, बजेट पास गरे-नगरेको, घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिकरूपमा दिए नदिएकोलगायतका आधारमा अनलाइन पोर्टलबाट अपलोड गरी सोही आधारमा अंक प्राप्त गर्ने प्रावधान छ ।

अर्यालका अनुसार भरतपुर महानगरले ७६.२ प्रतिशत, विराटनगर महानगरले ७३.५ प्रतिशत, ललितपुर महानगरले ६६.७ प्रतिशत, काठमाडौं महानगरले ५४.३ प्रतिशत, पोखरा महानगरले ५१.५ प्रतिशत र वीरगञ्ज महानगरले ४३.१ प्रतिशत अंक प्राप्त गरेका छन् ।

चितवन जिल्लाका सात पालिकामध्ये पनि भरतपुर महानगर पहिलो स्थानमा छ । महानगरले ७६.२९ प्रतिशत अंक पाउँदा इच्छाकामना गाँउपालिकाले ७२ प्रतिशत, रत्ननगर नगरपालिकाले ७०.१ प्रतिशत, माडी नगरपालिकाले ६९.१ प्रतिशत, खैरहनी नगरपालिकाले ६६.८ प्रतिशत, कालिका नगरपालिकाले ६४.३ प्रतिशत र राप्तीले ४३.३ प्रतिशत अंक प्राप्त गरेका छन् ।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले देशभरका ७५३ पालिकामध्ये भरतपुर महानगरले सहरी पूर्वाधार, खेलकुद, न्यायिक समितिमार्फत मुद्दा फर्स्योटलगायतका विषयमा सधैं उत्कृष्ट बन्दै आइरहेको दाबी गरिन् । महानगरलाई उत्कृष्ट सावित गर्न खटिने जनप्रतिनिधि एवं कर्मचारी परिवारलाई धन्यवाद दिँदै उनले आममहानगरवासीका लागि यो गौरवको विषय भएको बताइन् ।

# तनहुँमा २६ हजार भूमिहीनको लगत संकलन

**दमौली (तनहुँ)-** भूमि समस्या समाधान आयोगले तनहुँमा २६ हजारभन्दा बढी भूमिहीनको लगत संकलन गरेको छ । यसअघि गठन भएको आयोगले २६ हजार ११७ भूमिहीनको लगत संकलन गरेको र हाल गठन भएको आयोगले सोही विवरणको आधारमा कामलाई अगाडि बढाउने तयारी गरेको छ ।

आयोगका सदस्यसचिव एवं नापी कार्यालयका प्रमुख विजय सिंहले जिल्लाका १० स्थानीय तहका २६ हजार ११७ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने कार्य सकिएको जानकारी दिए । त्यस्तै छ हजार ७७३ कित्तामा नाप नक्सा भइसकेको उनले बताए । उनका अनुसार ६२४ हेक्टर क्षेत्रफलको नाप नक्सा कार्य सकिएको छ ।

त्यस्तै १३ जनालाई लालपुर्जा नै वितरण भइसकेको सदस्यसचिव सिंहले बताए । आयोगले विगतमा गरेका कामलाई नै वर्तमान आयोगले निरन्तरता दिने सिंहको भनाइ छ । उनले भने, 'विगतको आयोगले जहाँसम्म काम सम्पन्न गरेको छ, अहिले गठन भएको आयोगले त्यहीँबाट काम सुरू गर्ने छ ।'

व्यास नगरपालिकामा सात हजार ४३, भानु नगरपालिकामा तीन हजार ३१७, शुक्लागण्डकी नगरपालिकामा चार हजार ४०३, देवघाट गाउँपालिकामा दुई हजार ३४४, भीमाद नगरपालिकामा एक हजार ८६१, ऋषिङ गाउँपालिकामा एक हजार ४३९, घिरिङ गाउँपालिकामा एक हजार ५२०, म्याग्दे गाउँपालिकामा एक हजार २६७, आँबुखैरेनी गाउँपालिकामा ८९३ र बन्दीपुर गाउँपालिकामा दुई हजार ३० भूमिहीनको लगत संकलन भएको छ ।

सदस्यसचिव सिंहका अनुसार व्यासमा ४०९ भूमिहीन दलित, ४८३ भूमिहीन सुकुम्बासी, छ हजार १५१ अव्यवस्थित बसोबासी, भानुमा ४०५ भूमिहीन सुकुम्बासी, दुई हजार ९१२ अव्यवस्थित बसोबासी, शुक्लागण्डकीकमा २८७ भूमिहीन दलित, २८७ भूमिहीन सुकुम्बासी, तीन हजार ८२९ अव्यवस्थित बसोबासी, देवघाटमा १२३ भूमिहीन दलित, ७८ भूमिहीन सुकुम्बासी र दुई हजार १४३ अव्यवस्थित बसोबासीको लगत संकलन भएको छ ।

त्यस्तै भीमादमा १९ भूमिहीन दलित, १५ भूमिहीन सुकुम्बासी, एक हजार ८२७ अव्यवस्थित बसोबासी, ऋषिङमा २२ भूमिहीन दलित, १२७ भूमिहीन सुकुम्बासी, एक हजार २९० अव्यवस्थित बसोबासी, घिरिङमा ६३ भूमिहीन दलित, ५५ भूमिहीन सुकुम्बासी, एक हजार ४०२ अव्यवस्थित बसोबासी, म्याग्देमा ७८ भूमिहीन दलित, ६५ भूमिहीन सुकुम्बासी, एक हजार १२४ अव्यवस्थित बसोबासी, आँबुखैरेनीमा १८ भूमिहीन दलित, ९० भूमिहीन सुकुम्बासी, ७८५ अव्यवस्थित बसोबासी र बन्दीपुरमा ८९ भूमिहीन दलित, २६७ भूमिहीन सुकुम्बासी र एक हजार ६७४ अव्यवस्थित बसोबासीको लगत संकलन गरिएको छ ।

आयोगका सदस्यसचिव सिंहका अनुसार शुक्लागण्डकीमा दुई हजार ८४१, देवघाटमा दुई हजार ३६२, आँबुखैरेनीमा एक हजार ५२९ कित्ताको नाप नक्सा भइसकेको छ । त्यस्तै शुक्लागण्डकीको वडा नम्बर २, ७ र ८ को नाप नक्सा सम्पन्न गरी कार्यालय प्रयोजन भइरहेको छ भने देवघाटको वडा नम्बर ५ को नाप नक्सा सम्पन्न गरी कार्यालय प्रयोजनको काम भइरहेको छ । यस्तै आँबुखैरेनीको पनि सबै वडाको नाप नक्सा सम्पन्न भएको छ ।

आयोगका नवनियुक्त अध्यक्ष गोविन्द सिलवालले जुनसुकै पार्टीबाट आयोगमा प्रतिनिधित्व भए पनि आफूहरूको मुख्य काम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने रहेको बताए । उनले भने, 'आयोगले राजनीतिक पूर्वाग्रह नराखी काम गर्ने छ, भूमिहीनको समस्या समाधानका लागि एकढिक्का भएर काम गर्नेछौं ।' *रासस*


**सुदूरपश्चिम प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी**

**दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालनअन्तर्गत कृषकहरू तथा इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरूका लागि प्रस्ताव अव्हान सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/०४ गते**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटीको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार दुध उत्पादन कृषकहरूलाई प्रतिफलमा आधारित सहकारीमार्फत बजारीकरणमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफ्नो संस्थाको सदस्यता लिएका दुग्ध उत्पादक सदस्य कृषकहरूलाई संलग्न गराउन इच्छुक तपसिलमा उल्लेख भएवमोजिमका मापदण्ड पुगेका दुग्ध उत्पादक सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन कार्यालय समयभित्र अनुसुचि-२ अनुसारको तोकिएको ढाँचामा निवेदन पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटी वा यस निर्देशनालयको सम्पर्क केन्द्र गेटा, कैलालीमा पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका यस निर्देशनालयको वेभसाइट www.dolfddipayal.gov.np र यस निर्देशनालयका सूचना अधिकारी श्री पुष्करराज नाथको मोवाइल नं.९८५८४४०२२६ मा सम्पर्क गर्न सकिनेछ ।

**सहकारीको मापदण्ड**

(क) दैनिक सङ्कलित दुध/दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई विक्री गरी दुध र दुग्धजन्य पदार्थहरूको बेचबिखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

(ख) तराईको जिल्लाको हकमा दैनिक कम्तीमा ५०० लिटर र पहाडी जिल्लाहरूको हकमा दैनिक कम्तीमा २०० लिटर दुग्ध र वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोबार गर्ने गरेको हुनुपर्नेछ ।

(ग) गत आर्थिक वर्षको माघ महिनादेखि चालु आर्थिक वर्षको पौष मसान्तसम्म गरेको दुग्ध कारोबारको अभिलेखसमेत पेश गर्नुपर्नेछ ।

(घ) दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध ५० प्रतिशतभन्दा बढी पशुपालक कृषकहरूले पशु वीमा गरेको हुनुपर्नेछ ।

(ङ) सहकारीमा आबद्ध सबै कृषकहरूको फर्ममा जैविक सुरक्षा विधि अवलम्बन गरेको हुनुपर्नेछ ।

(च) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्डभित्र परेको हुनुपर्नेछ ।

(छ) जिल्ला दुग्ध उत्पादक सहकारी संघ भएको जिल्लाको हकमा उक्त संघको सिफारिस संलग्न गरेको हुनुपर्नेछ ।

(ज) नयाँ आवेदक सहकारीको हकमा गत वर्षमा दुग्धको कारोबार गरेको अभिलेख पेश गर्नुपर्ने र गत वर्षमा अनुदान प्राप्त गरेको सहकारीहरूको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तीमा १० प्रतिशत थप दुधको कारोबार गरेको हुनुपर्ने र सोको अभिलेखसमेत पेश गर्नुपर्नेछ ।

(झ) सम्बन्धित सहकारीले आफूमा आबद्ध भएका कृषकहरूलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ ।

(ञ) सहकारी संस्थाहरूले संस्थागत रूपमा दुग्ध विक्री गरेको अभिलेख राखी प्रमाण पेश गर्नु पर्नेछ ।

(ट) पुराना सहकारी संस्थाको हकमा लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भएको दुधको खरिद र विक्री गरिएको परिमाणलाई समेत आधार लिइनेछ ।

(ठ) आवेदन पेश गर्दा अनुदानग्राहीले १ लाखदेखि पाँच लाखसम्म अनुदान माग गरेका कार्यक्रमका लागि तीन सय रूपैयाँ र सोभन्दा बढी अनुदान माग भएको कार्यक्रमको लागि एक हजार रूपैंयाँ निवेदन दस्तुर बुझाएको बैंक भौचर पेश गर्नुपर्नेछ ।

***राजश्व जम्मा गर्दा देहायअनुसारको राजश्व दाखिला फाराम भरी राजश्व बुझाएको भौचरको अर्धकट्टि प्रस्तावसँग पेश गर्नुपर्नेछ ।***

**राजश्व खाता रहेको बैंक शाखा** : राष्ट्रिय वाणिज्य बैंक लि.केन्द्रिय कार्यालय, **बैंक खाता नम्बर** : १०००१००२०००१००००
**प्रयोजन** : दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागिताका लागि प्रस्तावना पेश गरेवापत
**कार्यालयको कोड** : ३१२०२७१०१७ **राजश्व शीर्षक** : १४२२९ । **निर्देशक**

# प्रभाव दैनिक

रूपशाला

आइतबार, ०४ फागुन २०८१ (Sunday, February 16, 2025)


## 'दुखी आत्मा' युएईमा सेन्सर फेल, कतारमा पास

नेपालमा शुक्रबारदेखि रिलिजमा आएको फिल्म 'दुखी आत्मा' लाई दर्शकले उत्कृष्ट प्रतिक्रिया दिइरहेका छन् । हलमा फिल्म हेर्न पुगेका अधिकांश दर्शकले यसको कथावस्तु, कलाकारहरूको अभिनय, प्रस्तुति मन परेको बताए । तर, यो फिल्म युएईका दर्शकले भने हेर्न नपाउने भने कतारका दर्शकहरूले भने हेर्न पाउने भएका छन् । युएइमा दुई पटक सेन्सर गर्दा पनि पास नभएकाले रिलिज हुन नसकेको तर कतारमा भने पास भएको निर्देशक तथा लेखक दीपेन्द्र लामाले जानकारी दिए ।




# 'बलिदान'को सुटिङ सकियो

■ प्रभाव संवाददाता




**काठमाडौं–** सन्तोष सेनको चलचित्र 'बलिदान'को सुटिङ सकिएको छ । चार महिना भन्दा लामो समय लगाएर सो फिल्मको सुटिङ गरिएको निर्देशक सेनले जानकारी दिएका छन् । 'बलिदान' को शुटिङ्ग यात्रा शिर्षकमा उनले सामाजिक सञ्जालमार्फत लेखेका छन कि चाँडै प्रदर्शनको मिति घोषणा गरिनेछ ।

'बलिदान निर्माणका विभिन्न प्रकरण छिचोल्दै जाने क्रममा हामीले यसलाई महान चलचित्र बनाउने कुरामा कतै पनि कम्प्रमाइज गरेनौं । कथाको सृजना सोचेभन्दा राम्रो गर्यौं, कलाकार, प्राविधिक र प्रविधि छनोटमा सोचेभन्दा राम्रो गर्यौं । अहिले चार महिनाको लामो कठीन परिस्थितिसङ्ग जुध्दै दिनरात रगत पसीना बगाएर सोचेभन्दा १०० गुणा राम्रो गर्दै यसको छायांकनको चरण पार गरेका छौं' उनले भनेका छन् ।

आगामी दिनका सम्पादनका कार्यमा पनि कुनै कम्प्रमाइज हुने छैन भन्दै उनले लेखेका छन, 'यस बीच फिल्म निर्माणको सम्पूर्ण टिमले कुनै धकशक नमानी रात दिन खटेर बलिदानलाई दिएको बलिदानीप्रती जति धन्यवाद दिए पनि त्यो कम हुनेछ । उहाँहरूको काम बलिदान चलचित्रमार्फत अमर रहने छ भन्ने कुरामा विश्वस्त छु ।'

अझ अगाडी लेख्छन्, 'यसपटक आफ्ना व्यक्तिगत समस्यालाई पर सारेर देशका लागि केही गरौं भन्ने हुटहुटी पैदा भयो । यसमा आम दर्शकजनले देखएको सदासयताले थप प्रेरणा दियो । आगामी दिनमा पनि दर्शकको साथ पाइरहने छु भन्ने मलाई पूर्ण विश्वास छ । कथाको आवश्यक बलिदानी दिएर हामीले अन्तिम दृश्य खिच्यौं र सूटिङ्गको चरणलाई बिट मार्यौं ।'

यस खुशीमा यहाँहरू सम्पूर्णलाई पुन: एकपटक धन्यवाद व्यक्त गर्दै उनले चा'डै 'बलिदान' कोशेली मार्फ°त प्रदर्शन मिती घोषणा गर्ने जनाएका छन् ।

# पूर्वप्रधानमन्त्रीको चन्दको आत्मकथा आउँदै

■ प्रभाव संवाददाता

**भक्तपुर–** पूर्वप्रधानमन्त्री एवं साहित्यकार लोकेन्द्रबहादुर चन्दको आत्मकथा 'लोकेन्द्रबहादुर चन्द' प्रकाशित हुने भएको छ ।

भक्तपुरको लोकन्थलीस्थित चन्द निवासमा आयोजना गरिएको पुस्तकको आवरण सार्वजनिक कार्यक्रममा आत्मकथा प्रकाशनको घोषणा गर्दै उनले पुस्तकको आवरण सार्वजनिक गरेका हुन् ।

शनिबारदेखि ८५ वर्ष पूरा गरी ८६ वर्ष प्रवेशको अवसर पारेर मदन पुरस्कार विजेतासमेत रहेका चन्दको जीवन भोगाइमा आधारित आत्मकथा लेखन कुञ्जले प्रकाशित गर्ने उनले जानकारी दिए ।

चन्दले आफ्नो जन्मथलो पश्चिम पहाडको बैतडी रहेको जनाउँदै बालापनदेखि जीवनमा आएका उतारचढाव, घटनाक्रम, शिक्षा, राजनीतिक यात्रा, चार पटक प्रधानमन्त्री हुँदाको यात्रा, साहित्यिक यात्रा, देशको विषम परिस्थितिमा आएका चुनौतीको व्यवस्थापनलगायत विषय पुस्तकमा समेटिने उल्लेख गरे । उनले आमपाठकलाई आफ्नो जिन्दगीले दिने सन्देश सकारात्मक हुने बताए ।

लेखन कुञ्जका अध्यक्ष कमल ढकालले चन्दको आत्मकथा 'लोकेन्द्रबहादुर चन्द' पुस्तक आगामी जेठभित्र प्रकाशन सम्पन्न गर्ने जानकारी दिए । उनले पुस्तकमा बैतडीको पहाडी क्षेत्रबाट जीवन सुरु गरेर चारपटक मुलुकको प्रधानमन्त्री बन्न सफल भएका चन्दको जीवन यात्रासँगै उनको राजनीतिक जीवन, साहित्यिक यात्रा र मदन पुरस्कार प्राप्तिसम्मको यात्रा समेटिने बताए ।

# इजिप्टमा हुने मिस इकोमा नेपालको प्रतिनिधित्व गर्दै संस्कृति

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजिप्टको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस इको इन्टरनेशनल २०२५' मा नेपालको प्रतिनिधित्व संस्कृति भट्टले गर्ने भएकी छन् । ग्रीन आर्ट मिडियाले भट्टलाई 'मिस इको इन्टरनेशनल नेपाल २०२५'को ताजसहित प्रतियोगिताका लागि छनौट गरेको हो ।

द स्ट्रन्द लाउन्ज एण्ड बार, बतिसपुतलीमा शुक्रबार आयोजित एक कार्यक्रमका बीच ग्रीन आर्ट मिडियाले भट्टलाई प्रतियोगीको रूपमा सार्वजनिक गरेको हो । भट्टलाई कार्यक्रममा 'मिस इको इन्टरनेशनल नेपाल २०२५' ताज 'मिस इको इन्टरनेशनल नेपाल २०२४, २०२२' र २०१७ कि विजेता क्रमस फ्लाविया मर्हजन शोफिया भुजेल र रोनाली अमात्यले लगाइदिएका थिए ।

कार्यक्रममा ग्रीन आर्ट मिडियाका सिइयो प्रविन लाकौल, ग्रीन आर्टस मिडियाकी निर्देशक तथा 'मिसेज युनिभर्स नेपाल २०१९' अनिला श्रेष्ठ लगायतको कार्यक्रममा उपस्थिती थियो ।

'मिस इको इन्टरनेशनल २०२५' आगामी अप्रिलमा इजिप्टमा आयोजना हुँदैछ । ६० बढी देशका इको सुन्दरीहरूको सहभागिता रहने प्रतियोगिताका लागि भट्ट नेपालको तर्फबाट एक्लो प्रतिनिधि हुन् । भट्टलाई प्रतियोगिताका लागि ग्रीन आर्ट मिडियाकी प्रवन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठ र नेपालका प्रतिष्ठित व्यक्तिहरूबाट ग्रुमिङ गरिनेछ ।

कार्यक्रममा भट्टले मिस इको आफ्ना लागि एउटा राम्रो अवसर भएको बताइन् । उनले अवसर प्रदान गर्ने ग्रीन आर्ट मिडिया प्रति आभार ब्यक्त गरिन् । कार्यक्रममा उनले नेपालका कल्चरल, साँस्कृतिक र पर्यटकीय स्थानको समेत प्रचार गर्ने बताएकी थिइन् ।

ग्रीन आर्टस मिडियाकी अनिला श्रेष्ठ २०१५ देखि मिस इको इन्टरनेशनलको आधिकारिक नेपाल राष्ट्रिय निर्देशकको रूपमा चुनिएकी हुन् । मिडियाको सिइयोमा प्रविन लाकौल रहेका छन् ।

मिस इको इन्टरनेशनल एक प्रतिष्ठित अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिता हो । जसको एल.टी.सि.पि. अर्गनाइजेशनले ब्युटी फर इको' जागृत गर्दै टुरिजम् र वातावरणको विषयलाई मुख्य कार्यक्षेत्र बनाई इजिप्टबाट २०१५ देखि सुरु गरेको हो । यसको मुख्य उद्देश्य विश्वभरका पर्यावरण र संस्कृतिलाई अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सूचना प्रवाह गर्ने रहेको छ ।





## आहा ! पोखरा गोल्डकप

# ब्ल्याक बुल्सलाई उपाधि




■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भएको २४औं संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटबलको उपाधि उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसीले जितेको छ । पोखरा रङ्गशालास्थित फुटबल मैदानमा शनिबार सम्पन्न फाइनल खेलमा नेपालको विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ गोलले हराउँदै पाहुना टोली ब्ल्याक बुल्स च्याम्पियन बनेको हो ।

नेपालमा पहिलोपटक फुटबल खेल्न आएको उज्वेकिस्तानी टोली पहिलो सहभागितामा नै च्याम्पियन बनेको हो । ब्ल्याक बुल्सले पहिलो हाफमा एक गोल गर्दै अग्रता बनाएको थियो भने दोस्रो हाफमा दुई गोल गर्न सफल भयो ।

खेलको ४२औं मिनेटमा उज्वेकिस्तानका कप्तान जाकोन्गिर आक्मादोभले गोल गर्दै टोलीलाई अग्रता बनाए । उनले फ्री किकमा गोल गर्न सफल भएका हुन् । खेलको ५९औं मिनेटमा असिलवेक ओरिफजोनोभले गोल गर्दै अग्रता दोब्बर बनाएकामा ६६औं मिनेटमा साप्कातजोन सातारोभले गोल गर्दै टोलीको विजय सुनिश्चित गरे । खेलको ७४औं मिनेटमा अलिजोन अलिजोनोभबाट आत्मघाती गोल भएपछि पुलिसको एक गोल भएको थियो । प्रतियोगितामा च्याम्पियन बनेको ब्ल्याक बुल्सले नगद रु १२ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेता बनेको पुलिस क्लबले रु छ लाख एक हजारसहित मेडल र प्रमाणपत्र पुरस्कार पायो ।

एमभिपी अवार्ड ब्ल्याक बुल्स एफसीका साभकातजोन सात्तोरोभले पाएका छन् । उनी सर्वाधिक गोलकर्तासमेत बनेका हुन् । उनले टेलजी स्कुटर प्राप्त गरेका छन् ।

प्रतियोगिताको उत्कृष्ट गोलकिपर ब्ल्याक बुल्सका जासुरबेक राजाबोभ, उत्कृष्ट डिफेन्डर, अलिजोन अलिजोनोभ, उत्कृष्ट मिडफिल्डर पुलिसका राम वाजी, फरवार्ड ब्ल्याक बुल्सका अजिजवेक खुर्सोनबोएभ र प्रशिक्षक अब्दुलअजिज निशोनबाएभ घोषित हुँदै जनही नगद रु २५ हजार र मेडल पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको च्याम्पियन टोली र विधातगत रूपमा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, उपसभामुख विनाकुमारी थापा, मुख्य प्रायोजकका तर्फबाट हिमश्री फुड्सका कार्यकारी निर्देशक प्रकाश केसी, निर्देशक किरण केसीलगायतले पुरस्कार वितरण गरे ।

गत माघ २२ गतेदेखि सुरु भएको प्रतियोगितामा विदेशी तीन र नेपालका चर्चित नौ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । सेमिफाइलनमा ब्ल्याक बुल्सले थ्री स्टार र पुलिसले चर्च ब्वाइज ब्वाइज युनाइटेडलाई पराजित गरेर फाइनलमा पुगेका थिए ।

# क्यानले माग्यो मुख्य प्रशिक्षकका लागि आवेदन

**काठमाडौं (प्रस)–** रिक्त रहेको नेपाली क्रिकेट टोलीको मुख्य प्रशिक्षकका लागि आवेदन खुला भएको छ ।

नेपाल क्रिकेट संघ(क्यान)ले शनिबार मुख्य प्रशिक्षकका लागि आवेदन माग गरेको हो । आगामी १६ गतेसम्म आवेदन दिन सकिने क्यानले जनाएको छ ।

मुख्य प्रशिक्षकका लागि कम्तिमा ईसिबी वा सिएबाट लेभल ३ को पार गरेको हुनुपर्ने, कम्तिमा ५ वर्ष व्यवसायीयक रूपमा प्रशिक्षणको अनुभव हुनु पर्ने, क्रिकेट कल्चर तथा एसोसिएट राष्ट्रको ओडिआई साईकलबारे जानकार हुनुपर्ने क्यानले जनाएको छ ।



# नेपाल पराजित

**काठमाडौं (प्रस)–** नेपाली युवा टोली मैत्रीपूर्ण खेलमा चिनियाँ युनान प्रान्तीय टोलीसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न खेलमा नेपाल २-० ले पराजित भएको हो ।

खेलको पहिलो हाफमै पाहुना टोलीले सुरूआती अग्रता लिएको लिएको थियो । युनानका यु मोङ्गायुईले गोल गरे । सुरूआतदेखि नै युयानले नेपाली टोलीमाथि दबाब दिएको थियो । तर, अग्रता भने २१औं मिनेटमा अग्रता लियो । लि सुहानको क्रसमा मधङ्गायुईले गोल गरे ।

७८औं मिनेटमा वाङ्ग बिनहानले अग्रता दोब्बर बनाए । उनले काउन्टर अट्याकमा गोल गरेका हुन् । ८८औं मिनेटमा विक्रम गौतमले डिबक्स एरिया बाहिरबाट प्रहार गरेको बललाई युनानका गोलकिपर लिइ झिबोले टप कर्नरबाट उत्कृष्ट बचाउ गरे । त्यो नै नेपाली टोलीले खेल अवाधिभर प्रहार गरेको एकमात्रै उत्कृष्ट प्रहार थियो ।

## इटहरी गोल्डकप

# युकेएफसी सेमिफाइनलमा प्रवेश

**धरान(प्रस) –** राष्ट्रिय जागृति क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै युकेएफसी १५औं अन्तरराष्ट्रिय आमन्त्रण कन्ट्रोल लुब्रिकेन्टस इटहरी गोल्डकप प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । शनिबारदेखि इटहरी रङ्गशालामा सुरु भएको प्रतियोगिताको उद्घाटन खेल राष्ट्रिय जागृति क्लब र युकेएफसीबीच भएको थियो । खेलको ११औं मिनेटमा जागृति क्लबका एलेक्सले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । उनले उमेश कार्कीले कर्नरमा प्रहार गरेको बललाई 'हेड' मार्फत गोल गर्न सफल भएका थिए ।

खेलको २१औं मिनेटमा युकेएफसीका सत्यम शर्माले प्रहार गरेको 'फ्री किक'लाई गोलकिपरले रोक्न नसकेपछि गोल भएपछि दुवै टोलीको खेल बराबरी भएको थियो । खेलको ५५औं मिनेटमा युकेएफसीका हेमराज भुजेलले गोल गर्दै टोलीलाई अग्रता दिलाए भने उनले गरेको गोल निर्णायक बन्न पुग्यो । खेलको 'म्यान अफ दी म्याच' युकेएफसीका सत्यम शर्मा घोषित भएका छन् । फागुन १० गतेसम्म सञ्चालन हुने प्रतियोगितामा आठ टोली सहभागी छन् ।

आइतबार दोस्रो क्वाटरफाइनल खेल बुढासुब्बा गोल्डकप च्याम्पियन न्युरोड टिम (एनआरटी) र सगरमाथा युथ क्लब मोरङबीच हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले ट्रफीसहित रु १० लाख र उपविजेताले नगद रु पाँच लाख पुरस्कार पाउनेछन् । विधागततर्फ सर्वोत्कृष्ट खेलाडीले रु एक लाख, प्रत्येक खेलको म्यान अफ दी म्याच हुने खेलाडीले रु १० हजार, उत्कृष्ट गोल रक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिड फिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही रु २० हजार प्राप्त गर्नेछन् ।

# कंगोको क्षेत्रीय युद्ध रोक्न राष्ट्रसंघ प्रमुखको आग्रह

**अदिस अबाबा, इथियोपिया-** संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेसले रुवान्डासमर्थित लडाकुहरूले डेमोक्र्याटिक रिपब्लिक अफ कंगो (डिआरसी) को दोस्रो प्रान्तीय राजधानी कब्जा गरेको भोलिपल्ट अफ्रिकी शिखर सम्मेलनमा प्रजातान्त्रिक गणतन्त्र कंगोको 'क्षेत्रीय अखण्डता'को सम्मान गर्न र क्षेत्रीय युद्धबाट जोगिन आग्रह गरेका छन् ।

पूर्वी कंगोमा जारी द्वन्द्व रोक्न रुवान्डामाथि अन्तर्राष्ट्रिय दबाब बढेसँगै अदिस अबाबामा सुरु भएको अफ्रिकी युनियनको शिखर सम्मेलनमा द्वन्द्वले चर्चा पाउने निश्चित थियो । रुवान्डाका राष्ट्रपति पल कगामे उक्त भेलामा सहभागी भए पनि डिआर कंगोका राष्ट्रपति फेलिक्स शिसेकेदी आफ्नो देशमा एम-२३ भनिने मार्च २०२३ अभियान अघि बढेपछि उक्त भेलामा अनुपस्थित भएका छन् ।

गत महिना उत्तरी किवुको प्रमुख प्रान्तीय राजधानी गोमा



कब्जा गर्न कंगोली सेनालाई परास्त गरेपछि रुवान्डा समर्थित सशस्त्र समूहले छिमेकी दक्षिण किवुमा आक्रमण गरेको थियो । सुरक्षा तथा मानवीय स्रोतका अनुसार शुक्रबार अर्को महत्त्वपूर्ण सहर बुकावुमा अनियन्त्रितरूपमा प्रवेश गर्नुअघि त्यहाँको एक महत्त्वपूर्ण विमानस्थललाई विद्रोहीले कब्जामा लिएका थिए ।

'एम-२३ आन्दोलनको निरन्तरताका कारण दक्षिण किवुमा जारी द्वन्द्वले पूरै क्षेत्रलाई नै धरापमा पार्ने खतरा छ,' गुटेर्रेसले रुवान्डाको नाम उल्लेख नगरिकन शिखर सम्मेलनलाई सम्बोधन गर्दै नेताहरूसँग भने ।

'क्षेत्रीय तनावलाई कुनै पनि हालतमा रोक्नुपर्छ,' उनले अगाडि भने, 'वार्ता सुरु हुनैपर्छ। डिआरसीको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नैपर्छ।'

पूर्वी डिआरसीमा क्षेत्रीय द्वन्द्व बढ्दै जाँदा अफ्रिकी संघ (एयू)को डरपोकपूर्ण दृष्टिकोणको आलोचना भएको छ र पर्यवेक्षकहरूले थप निर्णायक कदम चाल्न उससँग माग गरेका छन् । युरोपेली संघ (इयू) ले शनिबार बुकावुको समाचारपछि सबै विकल्पमा तत्काल विचार गरिरहेको बताएको छ । 'डिआरसीको क्षेत्रीय अखण्डताको निरन्तर उल्लंघन अनुत्तरित हुने छैन,' विज्ञप्तिमा भनिएको छ । पूर्वी र दक्षिणी अफ्रिकी नेताहरूले फेब्रुअरी ८ मा पाँच दिनभित्र 'तत्काल र विनासर्त' युद्धविराम गर्न आह्वान गरेका थिए ।

एयू आयोगका निवर्तमान अध्यक्ष मौसा फाकी महमतले शुक्रबार एएफपीसँग कुरा गर्दै 'युद्धविरामको पालना गर्नैपर्छ' भन्दै अफ्रिकी राष्ट्रहरूबीच झडप रोक्न 'सामान्य जनशक्ति परिचालन' भइरहेको बताए । सम्मेलनका आयोजक इथियोपियाका प्रधानमन्त्री अबी अहमदले द्वन्द्व समाधान, कूटनीति र शान्ति स्थापना आफूहरूको प्रयासको केन्द्रबिन्दुमा रहनुपर्नेमा जोड दिएका छन् ।

शुक्रबार साँझसम्म चलेको द्वन्द्वप्रति समर्पित एयूको शान्ति तथा सुरक्षा परिषद्को बैठकमा कागामे र सिसेकेडी सहभागी भएका छैनन् । *रासस/एएफपी*

# फिलिपिन्समा डेंगुको प्रकोप

**मनिला-** फिलिपिन्सको राजधानी मनिलाको सबैभन्दा बढी जनसंख्या भएको क्वेजोन नगरमा डेंगुको प्रकोप फैलिएको छ ।

क्वेजोनका नगरप्रमुखले शनिबार डेंगुको प्रकोप फैलिएको घोषणा गर्दै नागरिकहरूलाई आवश्यक सावधानी अपनाउन आग्रह गरेका हुन् । क्वेजोन सहरका प्रमुख जोय बेलमोन्टका अनुसार जनवरी १ देखि फेब्रुअरी १४ सम्मको अवधिमा सहरको स्वास्थ्य विभागले एक हजार ७६९ बिरामीहरूमा डेंगु संक्रमण भएको पुष्टि गरेको छ । यो संक्रमण दर गत वर्षको तुलनामा लगभग २०० प्रतिशत बढी हो ।

बेलमोन्टका अनुसार यो बर्ष आठ नाबालकसहित १० जनाको यस रोगका कारण मृत्यु भएको छ । बेलमोन्टले भने, 'डेंगुको प्रकोपको हाम्रो घोषणा संक्रमणको स्थितिको शीर्ष अवस्थामा रहेको जानकारी गराउन भएको हो ।'

उनले भने, 'हामी हाम्रा बासिन्दाहरूलाई यस घातक रोगबाट, विशेषगरी हाम्रा बच्चाहरूलाई बचाउन सक्दो प्रयास गरिरहेका छौं भन्ने सुनिश्चित गर्दछ ।' संक्रमितमध्ये ५८ प्रतिशत पाँचदेखि १७ वर्ष उमेर समूहका विद्यालय जाने उमेरका बालबालिका रहेका छन् भने ४४ प्रतिशत एकदेखि १० वर्ष उमेर समूहका बालबालिका रहेका छन् ।

'डेंगुको निदानलाई सम्बोधन गर्ने कार्यका लागि प्राथमिक समाधानको रूपमा सबै ६६ सहर स्वास्थ्य केन्द्रहरू सप्ताहन्तमा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म खुला रहने छन्,' बेलमोन्टले भने । फिलिपिन्सको स्वास्थ्य विभागले पानी र खानाबाट सर्ने रोग, इन्फ्लुएन्जाजस्ता रोग, लेप्टोस्पायरोसिस र डेंगुजस्ता रोग बढेको उल्लेख गरेको एक दिनपछि यो सहरमा डेंगुको प्रकोप घोषणा भएको हो ।

सरकारी तथ्यांकअनुसार सन् २०२० सम्ममा क्वेजोन सहरको जनसंख्या करिब ३० लाख रहेको थियो । *रासस/एएफपी*

# जेलेन्स्कीले मागे युक्रेनको 'सुरक्षा सुनिश्चितता'

**म्युनिख, जर्मनी-** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी उपराष्ट्रपतिसँगको भेटमा आफूले युक्रेनको 'सुरक्षा ग्यारेन्टी' मागेको बताएका छन् । मस्कोसँग युद्धविराम सम्झौताका लागि ट्रम्प प्रशासनको प्रयासबारे छलफल गर्ने क्रममा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले युक्रेनको 'सुरक्षा ग्यारेन्टी' मागेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई बताएका हुन् ।

जेलेन्स्कीले अमेरिकी उपराष्ट्रपति जेडी भान्ससमेत सहभागी म्युनिख सुरक्षा सम्मेलनमा तीन वर्षे युक्रेन युद्धलाई समाप्त गर्ने वासिङ्टनको प्रयासमा किनारा नलगाइयोस् भनेर सुनिश्चित गर्ने युक्रेनी प्रयासलाई प्रस्तुत गरेका हुन् । अमेरिकी राष्ट्रपति ट्रम्पले यसै साता रुसी नेता भ्लादिमिर पुटिनसँग युद्धविराम वार्ता सुरु गर्न चाँडै नै भेट्ने घोषणा गरेपछि यसले युक्रेनका लागि अमेरिकी समर्थनको यथास्थितिलाई लिएर अमेरिकाका मित्रराष्ट्रहरूलाई स्तब्ध पारेको छ ।

म्युनिखमा पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले युद्धको अन्त्य हुनुअघि ह्वाइट हाउससँग 'थप कुरा' गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

'हामी शान्ति चाहन्छौं तर हामीलाई वास्तविक सुरक्षा ग्यारेन्टी चाहिएको छ,' भान्ससँगको पहिलो भेटपछि उनले भने । जेलेन्स्कीको चिन्ता अमेरिकी सञ्चारमाध्यम एनबिसीसँगको अन्तर्वार्ताको पूर्वावलोकनमा पनि प्रदर्शित भएको थियो, जसमा भनिएको थियो, 'संयुक्त राज्य अमेरिकाको समर्थनविना युक्रेनको स्वतन्त्र अस्तित्वका साथ बाँच्नका लागि निकै कम मौका हुने छ ।'



यसबीच भान्सले जेलेन्स्कीसँग 'राम्रो कुराकानी' भएको बताएका छन् र युद्धको अन्त्य गर्ने अमेरिकी ट्रम्प प्रशासनको लक्ष्यलाई स्वीकार गरेका छन् । 'हामी पूर्वी युरोप दुई वर्षपछि द्वन्द्वमा फस्ने खालको शान्ति नभई स्थायी तथा दिगो शान्ति हासिल गर्न चाहन्छौं,' भान्सले भने ।

जेलेन्स्कीले एक्समा उल्लेख गरेअनुसार युत्रविराम र शान्ति वार्ताबारे थप छलफलका लागि वासिङ्टनबाट एक जना दूतले किएभको भ्रमण गर्ने छन् । उनले लेखेका छन्, 'हामी वास्तविक र प्रत्याभूत शान्तितर्फ जतिसक्दो चाँडो अघि बढ्न तयार छौं ।' युक्रेनी नेताले पुटिनको ९० मिनेट लामो फोन वार्तापछि यसै साता ट्रम्पसँग भएको फोन वार्ता 'सुखद नभएको' बताएका थिए ।

अमेरिकी अधिकारीहरूले रुसको आक्रमणसँग लडिरहेको तीन वर्षपछि युक्रेनलाई चिसोमा नछोड्ने बताएका छन् । म्युनिख बैठकअघि भान्सले संयुक्त राज्य अमेरिका रुसलाई दबाब दिन तयार रहेको बताउँदै युरोप 'निश्चित रूपमा' टेबलमा रहनुपर्ने बताए ।

उनले युरोपलाई आफ्नो प्रतिरक्षालाई मजबुत बनाउन र वासिङ्टनलाई विश्वका अन्य देशहरूमा खतराहरूमा ध्यान केन्द्रित गर्न अनुमति दिन पनि आग्रह गरेका छन् । *रासस/एएफपी*

# पाकिस्तानमा बस दुर्घटना, १२ जनाको मृत्यु, १५ घाइते

**इस्लामावाद-** पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तमा शनिबार तीर्थयात्री बोकेको बस पल्टिँदा १२ जनाको मृत्यु हुनुका साथै अन्य १५ जना घाइते भएका छन् ।

खैरपुर राष्ट्रिय राजमार्गमा चालकले तीव्र गतिका कारण नियन्त्रण गुमाउँदा दुर्घटना भएको हो । यात्रुहरू पूर्वी पञ्जाब प्रान्तबाट सेहवान सहरमा एउटा धार्मिक पर्वका लागि यात्रा गरिरहेका थिए ।

घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ, जसमध्ये धेरैको अवस्था गम्भीर रहेको स्रोतले जनाएको छ । खराब सडक, सडक सुरक्षा नियमहरूको उल्लंघन र लापरवाही ड्राइभिङका कारण पाकिस्तानमा सडक दुर्घटनाहरू प्रायः हुने गर्दछ । *रासस/सिन्हवा*

# लेबनानमा शान्ति सेनामाथि आक्रमण गरेको आरोपमा २५ जना पक्राउ

**बेरुत, लेबनान–** लेबनानी अधिकारीहरूले शनिबार संयुक्त राष्ट्रसंघको काफिलेमा आक्रमण गर्ने २५ भन्दा बढी व्यक्तिलाई गिरफ्तार गरिएको जनाएको छ। उक्त आक्रमणमा बलको निवर्तमान उपकमाण्डरसहित दुई शान्ति सेना घाइते भए ।

संयुक्त राष्ट्र र लेबनानी अधिकारीहरूले आक्रमणको निन्दा गरे ।

'लेबनानी सेनाको खुफिया एजेन्सीले २५ भन्दा बढी व्यक्तिलाई गिरफ्तार गरेको छ,' आन्तरिक मन्त्री अहमद अल-हज्जरले शनिबार एक आपत्कालीन सुरक्षा बैठकपछि पत्रकारहरूलाई बताए ।

'यी बन्दीहरूले आक्रमण गरेका हुन् भन्ने होइन, तर यसको जिम्मेवार को हो भन्ने अनुसन्धानले देखाउँछ,' उनले थपे । उक्त आक्रमणमा आफ्नो मिसन सकेर घर फर्किंदै गरेका नेपाली नागरिक तथा निवर्तमान फोर्स कमाण्डर चोकबहादुर ढकाल घाइते भए। साथै, लेबनानस्थित संयुक्त राष्ट्रसंघीय अन्तरिम बल (युनिफिल) ले आफ्नो एउटा गाडीमा आगजनी गरेपछि छानबिन गर्न आग्रह गरेको छ ।

युनिफिलका उपप्रवक्ता कान्डिस अर्डिएलले एएफपीलाई दोस्रो नेपाली शान्ति सैनिक पनि घाइते भएको र अस्पतालमा भर्ना गरिएको बताए ।

प्रधानमन्त्री नवाफ सलामले आक्रमणको कडा निन्दा गरे । लेबनानका लागि संयुक्त राष्ट्रसंघका विशेष संयोजक जेनिन हेनिस-प्लास्चार्ट र युनिफिल कमाण्डर जनरल एरोल्डो लाजारोसँगको वार्तामा उनले दोषीहरूलाई पक्राउ गर्ने वाचा गरे । *रासस/एएफपी*


**Sannitriveni Rural Municipality**
**Office of the Rural MunicipalityExecutive**
**Mehalmudi, Kalikot**
**Karnali Province, Nepal**

## Invitation For Bids

**First Date of Notice Publication : 2081/11/04 (February 16, 2025 )**

1. Sannitriveni Rural Municipality office Mehalmudi, Kalikot invites electronic Bids from eligible bidders for the construction of following Project.

| S. N. | Contract Identification Number | Work Description/ Name of Project | Estimate Amount inclusive of VAT & Contingencie (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | STRM/KKT/ W/NCB/06/ 2081-082 | Construction of School Building Work at Shree Governor Basic Sannitriveni-6, Kalikot. | 50,66,600.00 | 142000.00 | 120 Days | 3000 | 2081/12/05 ( March 18, 2025) 12:00PM. |

2. Eligible Suppliers may obtain further information and the bidding document at the office of Sannitriveni Rural Municipality, Office of the Rural Municipality Executive, Mehalmudi, Kalikot, Mobile No:-9848215358 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.

3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of Bank** : Sanima Bank Branch Office Mehalmudi, Kalikot.

**Name of Office** : Sannitriveni Rural Municipality Office, Mehalmudi, Kalikot

**Name of office** : Sannitriveni Mehalmudi Kalikot

SANNITRIVENI OFFICE CODE NO : 80665506300

SANNITRIVENIGA.PA.GA1.1ANTARIKRAJASHOKHATA : 073010040000003

SANNITRIVENIGA.PA.GA3.3DHARAUTIKHATA: 073010020000005

4. Pre bid meeting shall be held at Sannitriveni Rural Muinicipality Mehalmudi, Kalikot at 2081/11/26 ( March 10 , 2025 )

5. Electronic bids must be submitted through e-GP System i.e www.bolpatra.gov.np/egp. On or before 2081/12/05 ( March 18, 2025) 12:00PM Bids received after this deadline will be rejected.

6 . The bids will be opened in the presence of bidders representatives who choose to attend at 2081/12/05 (March 18, 2025) 2:00 PM. at Sannitriveni Rural Municipality, Office of the Rural Municipality Executive Mehalmudi, Kalikot..

7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 073010020000005, Sannitriveni Rural Municipality office on Name of Bank Sanima Bank submit bank deposit voucher along with the bids or Bank guarantee favour of Sannitriveni Rural Municipality office.

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.



**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८१/११/०२**

यस बैंकका निक्षेपकर्ता श्री हरी लाल गुरुङको नाति, श्री भक्त बहादुर गुरुङको छोरा जिल्ला, ताप्लेजुङ्ग फुङलिङ नगरपालिका वडा नं. -०६ बस्ने वर्ष ७९ को श्री बल बहादुर गुरुङ (ना.प्र.नं. २९७८-६४१, जारी मिति २०३६/०२/१४, जारी जिल्ला ताप्लेजुङ्ग) को मिति २०८१/०८/१४ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकम उपलब्ध गराई दिनु भनि निजको एकाघरको श्रीमती पासाङ लामु शेर्पा गुरुङले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती पासाङ लामु शेर्पा गुरुङको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
मूख्य कार्यालय: ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५६, ५४३२७१८
**पञ्चशील सदस्य सेवा केन्द्रहरू**
चापागाउँ, फोन नं. ०१-५२६५४७१, सरस्वतीनगर, फोन नं. ०१-४८१३४४७, कोटेश्वर, फोन नं. ०१-४६१०६१७, ४६१०१०७ न्युरोड, काठमाडौं, फोन नं. ०१-५३५५४०८, भक्तपुर, सूर्यविनायक फोन नं. ०१-६६१५६४७

**गैह्रबैकिङ सहकारी सम्पति (जग्गा) लिलाम विक्रीसम्बन्धी ७ दिने सूचना !**

*(प्रकाशित मिति: २०८१/११/०४ गते, आइतबार)*

यस संस्थाको नाममा रहेको तपसिल विवरणमा उल्लेखित गैह्रबैकिङ सहकारी सम्पत्ति (जग्गा) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गर्ने बारे ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्म उक्त सम्पत्ति (जग्गा) खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघसंस्थाहरूले निम्न वमोजिमका शर्तहरूको अधिनमा रही यस संस्थाको मुख्य कार्यालय ललितपुर-१९, कुमारीपाटीमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| सि.नं. | सम्पत्तिको विवरण |
|---|---|
| १. | मोरङ जिल्ला बयरवन गाविस वडा नं.९ को क्रमश: **सिट** ९ (अ), **कि.नं.**९६६, त्यसैगरी **सिट नं.**९ (घ) को कि.नं.११०६, ११६६, ११६९, ११७३, १२१८, १२१६ को क्रमश: **क्षेत्रफल** ०-५-०-०, ०-१-७-०, ०-०-७-०, ०-०-१३-०, ०-०-१९-०, ०-०-९-२, ०-०-८-० (विघा) रहेको जग्गा । |

**शर्तहरू :**

१. लिलाम विक्री गरिने सम्पत्तिको स्थलगत निरीक्षण गर्न चाहेमा, कागजपत्र हेर्न चाहेमा वा जग्गाको न्यूनतम मूल्य जान्न चाहने प्रस्तावकहरूले निवेदन दर्ता गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
२. लिलाम विक्री गरिने सम्पत्ति खरिद गर्न इच्छुक प्रस्तावकहरूले यो सूचना प्रकाशित भएको मितिले ७औं दिनसम्म दिनको २:०० बजेदेखि ४:०० बजेसम्म बोलपत्र फारम खरिद गरी दर्ता गर्न सकिनेछ ।
३. बोलपत्र फारम संस्थाको मुख्य कार्यालयबाट रु.१,०००/- (अक्षरूपी एक हजार मात्र) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ र फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
४. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफूले चाहेको अचल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ ।
५. लिलाम विक्रीमा सबैभन्दा बढी कबोल गर्ने प्रस्तावकले आफूले कबोल गरेको रकमको १०% ले हुने रकम नगदै धरौटी वापत संस्थामा बुझाउनु पर्नेछ ।
६. लिलाम विक्री गरिने सम्पत्ति खरिद गर्ने प्रस्तावकले संस्थाबाट लिलाम विक्री निश्चित्तताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझी नलिएमा धरौटीबापत रहेको १० % रकम स्वत: जफत हुनेछ ।
७. लिलाम विक्री प्रकृयाबाट खरिद गर्ने प्रस्तावकले उल्लेख गरिएको मूल्यको १०% रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी रकम प्रस्ताव गर्ने प्रस्तावकको नाममा लिलाम विक्री गरिनेछ ।
८. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
९. कुनै एकको मात्र बोलपत्र परेमा उक्त दिनको लिलाम विक्री स्थगित गरी अर्को सूचना प्रकाशन गर्न सकिनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ ।

**लिने मिति, समय र स्थान**

**बोलपत्र खोल्ने मिति** : २०८१/११/११ गते
**समय** : दिउँसो २:०० बजेदेखि दिनको ३:०० बजेसम्म
**स्थान** : संस्थाको मुख्य कार्यालय, ललितपुर-१९, कुमारीमाटी

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७०२०० | प्रति तोला – ० | प्रति तोला – १९७० |



**सूर्यमुखी खेती** | सुनसरीको इनरुवा नगरपालिका-९ मा सूर्यमुखीखेती गोडमेल गर्दै किसान । सूर्यमुखी फूल एक कठ्ठा जमिनमा दुईदेखि अढाई मन उत्पादन हुने किसान बताउँछन् । *तस्बिरः नवीन गड्तौला/रासस*

## अर्थतन्त्रमा क्रमिक सुधार भएको अर्थमन्त्रीको दाबी

■ प्रभाव संवाददाता

**गण्डकी–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले देशको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै गएको बताएका छन् ।

राष्ट्रिय वाणिज्य बैंकको गण्डकी प्रादेशिक कार्यालय भवनको पोखरामा उद्घाटन गर्दै उनले वर्तमान सरकार गठन हुँदा अर्थतन्त्रमा देखिएको समस्याहरू हाल क्रमशः सुधार भएका बताए । देशको बिग्रँदो आर्थिक अवस्थालगायत विद्यमान समस्या समाधान गर्नेगरी दुई प्रमुख दल सम्मिलित वर्तमान सरकार बनेको उनले उल्लेख गरे ।



देशको अर्थतन्त्रमा सुधार भएको आर्थिक सूचकले पनि देखाइरहेको बताउँदै अर्थमन्त्री पौडेलले वर्तमान सरकार इच्छाशक्ति भएको र समस्याको समाधान गर्न समर्थवान छ भने । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सरकारले निर्माण गरेको उल्लेख गर्दै उहाँले यसको सञ्चालन गराउनेतर्फ पनि सरकार लागिरहेको स्पष्ट पारे । पोखरा र भैरहवा विमानस्थल सञ्चालनका सम्बन्धमा प्रधानमन्त्री स्वयंले पटकपटक बैठक तथा छलफल गरिरहेको उल्लेख गर्दै उनले यसको सञ्चालनमा सरकार गम्भीर छ भने ।

सरकारी बैंकले सर्वसाधारणलाई आकर्षित गर्नुपर्नेमा उनले जोड दिए । गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले गण्डकी प्रदेश उद्योग, कृषि तथा पर्यटन विकासका प्रचुर सम्भावना रहेको बताउँदै यी क्षेत्रमा लगानी गर्न बैंक तथा वित्तीय संस्थालाई आग्रह गरे ।

प्रतिनधिसभा सदस्य दामोदर वैरागीले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औंल्याए । राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक रामप्रसाद ज्ञवालीले आर्थिक सूचकहरूले देशको अर्थतन्त्र सकारात्मक दिशामा गएको बताए ।

बैंकका सञ्चालक लक्ष्मण घिमिरेको सभापतित्वमा भएको कार्यक्रममा प्रदेशसभा सदस्य प्रकाश बराल, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भूमिका महत्त्वपूर्ण रहेको बताए ।

## सरकारी उत्पादनमूलक उद्योग सञ्चालनको मोडालिटी तय गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेको उद्योग वाणिज्य तथा आपूर्ति विभागले सरकारी संस्थानका रूपमा रहेका उत्पादनमूलक उद्योगहरू सञ्चालनको मोडालिटी तय गर्न सरकारलाई आग्रह गरेको छ । विभागमा प्रमुख मोतीलाल दुगडसहितको टोलीले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई भेटेर धेरै राम्रा उद्योगले पनि प्रतिफल दिन नसकेकाले सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा सञ्चालनको तयारी गर्न सुझाव दिएको हो ।

विभाग प्रमुख मोतीलाल दुगडले बुटवल धागो उद्योग, हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग, जडीबुटी कम्पनी, नेपाल औषधी लिमिटेड जस्ता उद्योगहरू देशको मुहार नै फेर्न सक्ने सम्भावनाका उद्योग भएका बताए । ती संस्थानहरूले पनि प्रतिफल दिन नसक्नु विडम्बनाको कुरा भएको उनको भनाइ छ ।

ती उद्योगहरूमा रहेका सम्पत्ति सरकारको नाममा सेयर कायम हुने गरी निजी क्षेत्रलाई सञ्चालनको जिम्मेवारी दिनुपर्ने उनको सुझाव छ । टोलीले सरकारले अध्यादेशमार्फत ऐनहरू संशोधन गरेको भन्दै खुसी प्रकट गरेको छ । यसले लगानीको वातावरण सहज भएको भन्दै व्यावहारिक कार्यान्वयनमा एमालेको वाणिज्य तथा आपूर्ति विभागले जोड दिएको छ ।

'निजी क्षेत्रले राखेको माग र अर्थतन्त्रसँग जोडिएको समस्या हल गर्ने गरी ऐन संशोधन भएका छन्', भेटमा दुगडले भने । निजी क्षेत्रको तालुकदार मन्त्रालय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय नै रहेकोले सबै किसिमको समस्या समाधान गर्न टोलीले मन्त्रालयको ध्यानाकर्षण गराएको हो ।

दुगडले उद्योगहरूको कच्चा पदार्थदेखि तयारी वस्तुहरूमा समेत रहेको कर व्यवस्था सुधार गर्न आग्रह गरेका थिए । उद्योग मन्त्रालयका निकायहरूमा मन्त्री आफैँले अनुगमन गर्नुपर्ने सुझाव पनि उनले दिएका छन् ।

भेटमा मन्त्री भण्डारीले अब बजेट र कार्यक्रम बनाउने काम सुरु भएकोले त्यसमा निजी क्षेत्रको भावना समेटिने बचन दिएका छन् । बजेटमा सधैं निजी क्षेत्रले राम्रो छ भनेर स्वागत गर्ने तर पछि कार्यान्वयनको क्रममा विरोध गर्ने गरेको बताउँदै उनले अब त्यस्तो हुनु नहुने स्पष्ट पारेका छन् ।

भेटमा उद्योगी किशोर प्रधानले विभागको तर्फबाट अहिलेको अवस्थामा उद्योग मन्त्रालयले ध्यान दिनुपर्ने विषयहरू प्रस्तुत गरेका थिए । उनले कम्पनी दर्ताको प्रक्रियाको झण्झटलाई सरल बनाउन, गलैंचा उद्योगको कच्चा पदार्थमा लगाइएको मूल्य अभिवृद्धि कर तथा अन्य कर घटाउन तथा औद्योगिक पूर्वाधारको विषयमा ध्यान दिन अनुरोध गरेका छन् ।

## तोरीखेतीतर्फ आकर्षित हुँदै भद्रपुरका किसान

■ प्रभाव संवाददाता

**झापा–** भद्रपुर नगरपालिकाको तेलहनखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत तोरीखेतीतर्फ यहाँका किसानको आकर्षण बढेको छ । नगरपालिकाका कृषि विकास अधिकृत सुमन विमलीका अनुसार पाँच हजार एक सय कठ्ठा जमिनमा तोरीखेतीका लागि एक सय ४२ कृषक, कृषक समूह र कृषि सहकारीले आवेदन दिएका छन् ।

चालु आव २०८१/८२ मा नगरपालिकाले प्रतिकठ्ठा रु एक हजार अनुदान दिने योजना ल्याएको छ । स्थानीय तहले जग्गा वर्गीकरपछि वास्तविक किसानलाई मात्र अनुदान प्रदान गरिने व्यवस्था गरिएको हुँदा दुरूपयोग रोक्न सहज हुने अधिकृत विमलीले जानकारी दिए ।

भद्रपुर-१ किचकबधका किसान चन्द्र सुब्बाले अनुदान रकम बढेकाले थप १० कठ्ठा जमिनमा तोरीखेती विस्तार गरेको बताए । अनुदानले उत्पादन लागत कम गर्न र खेतीलाई आकर्षक बनाउन सहयोग पुग्ने उनको भनाइ छ । स्थानीय किसान समीर रायमाझीका अनुसार नगरपालिकाबाट प्राप्त अनुदान प्रविधि र बालीको उचित हेरचाहमा खर्च हुने भएकाले खेती सुरक्षित रहने विश्वास गरिएको छ । विगतमा खेती गर्दा लागत खर्च निकाल्न नै समस्या पर्ने गरेको र नगरपालिकाको अनुदानले राहत मिलेको उनले बताए ।

नगरपालिकाका अनुसार आर्थिक वर्ष २०७९/८० मा न्यूनतम १० कठ्ठा तोरीखेती गर्ने किसानलाई प्रतिकठ्ठा रु छ सय अनुदान दिने नीति अवलम्बन गरिएपछि तोरीखेतीको क्षेत्रफल क्रमशः बढिरहेको छ । यद्यपि तोरीखेतीको विस्तार भए पनि स्थानीय उपभोक्ता अझै पनि आयातित तोरी नै खरिद गर्न बाध्य रहेको स्थानीय उपभोक्ता किरण पोखरेल बताउँछन् ।

## मकवानपुरमा 'नन फायलर' करदाता घट्दो

**बागमती–** वार्षिक आयकर विवरण र बक्यौता नबुझाउने करदातालाई लक्षित गरी आन्तरिक राजस्व कार्यालय हेटौंडाले अभियान चलाएपछि आयकर दाखिला नगर्ने करदाता (नन फायलर) करदाता घट्दै र बक्यौता संकलन बढ्दै गएको छ ।

घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा संघ संस्थासँग नियमित अन्तर्क्रियालगायतका कार्यक्रम सञ्चालन गरेपछि लामो समयदेखि आयकर दाखिला नगरी नन फायलर करदाता र बाँकी बक्यौता क्रमशः घट्दै गएको हो । कार्यालयबाट व्यवसायी करदाता प्रमाणपत्र (प्यान) लिएकामध्ये करिब ६५ प्रतिशतभन्दा बढी करदाताले लामो समयदेखि वार्षिक आय विवरण र बक्यौता नबुझाएपछि कार्यालयले त्यस्ता करदाताहरूको अभिलेख तयार पारेर अघि बढेको छ ।

वार्षिक आय विवरण नबुझाउनेमध्ये धेरैजसो उपभोक्ता समितिहरू, धार्मिक समिति, क्लबहरू छन् । 'आर्थिक वर्ष २०७९/८० र सो भन्दा अघिल्लो आवको आय विवरण नबुझाउने करदाता बढी छन्', प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीले भने, 'त्यसैले आय विवरण नबुझाउने करदाताको अभिलेख तयार पारेर अभियान सुरू गरेका छौं ।' पहिलो चरणमा घरदैलो कार्यक्रम, एसएमएस, पत्रचाार तथा उद्योग वाणिज्य संघ, सुनचाँदी व्यवसायी संघलगायतका संघ संस्थासँग नियमित करदाता शिक्षा तथा अन्तर्क्रियालाई अघि बढाइएको उनको भनाइ छ ।

प्रमुख कर अधिकृत सुवेदीका अनुसार चालु आव २०८१/८२ को असारसम्ममा 'नन फायलर'को संख्या ३२ प्रतिशतमा झार्ने लक्ष्यका साथ सुरू गरिएको अभियानका कारण माघ महिनासम्ममा नन फायलनर करदाताको संख्या ५९ प्रतिशतमा झरेको छ । यस्तै केही महिनाअघिसम्म रू ६५ करोड बक्यौता संकलन गर्न बाँकी रहेकोमा अभियान सञ्चालन भएपछि बक्यौता पनि रू ४५ करोडमा झरेको प्रमुख कर अधिकृत सुवेदीले बताए ।

अभियानका क्रममा सो कार्यालयले अन्तःशुल्क ऐनअन्तर्गत इजाजत लिएका करदाताले साउन महिनाभित्र नवीकरण नगरेका दुई सय ३९ करदातालाई एसएमएस पठाएको छ । यस्तै आयकर विवरण पेस नगरी नन फायलर रहेका १० हजार दुई सय तीन करदाताको मोबाइलमा एसएमएस पठाइएको प्रमुख सुवेदीले बताए ।

मूल्य अभिवृद्धि कर ऐनअनुसार विवरण पेस गरी एक लाखभन्दा बढी मूल्य अभिवृद्धि कर बक्यौता रहेका करदातालाई बक्यौता दाखिला गर्न एसएमएस पठाइएको उनको कथन छ । यसबाहेक मूल्य अभिवृद्धि करतर्फ नन फायलर रहेका करदातालाई मूल्य अभिवृद्धि कर विवरण पेस गर्न प्रत्येक महिनाको २६ गते फोन तथा पत्र पठाउने गरिएको उनले बताए ।

यसका साथै ती करदाताको नामावलीसहित आय विवरण बुझाउन र बक्यौता असुलीका लागि पहल गरिदिन मकवानपुर जिल्लाको १० वटै पालिकालाई पत्राचार गरिएको प्रमुख कर अधिकृत सुवेदीले बताए । व्यावसायिक करदाता प्रमाणपत्र लिएकामध्ये कतिपय करदाताको मृत्यु भएको, कतिपय वैदेशिक रोजगारीमा गएको र कतिपयले व्यवसायी बिक्री गरिसकेको कारणले पनि समयमा आय विवरण नबुझाउने करदाताको संख्या बढी देखिएको हुनसक्ने उनको कथन छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता र सम्पत्ति रोक्का गरिने तयारी गरिएको प्रमुख कर अधिकृत सुवेदीले बताए । 'पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि कर बुझाउन आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाउँछौं', प्रमुख कर अधिकृत सुवेदीले भने, 'फागुन महिनासम्म छुट सुविधा पनि दिइएको छ, त्यो बेलासम्म धेरै कर बुझाउँछ भन्ने हाम्रो विश्वास छ ।' फागुन महिनासम्म पनि बक्यौता नबुझाउने करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्का गरेका छौं ।'

आन्तरिक राजस्व कार्यालय हेटौंडा मकवानपुरले चालु आव २०८१/८२ को सात महिनाको अवधिमा रू तीन अर्ब ७० करोड ९१ लाख राजस्व संकलन गरेको छ । यो लक्ष्यको ८१ दशमलव ४४ प्रतिशत संकलन भएको हो । कार्यालय प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ को सात महिनाको अवधिमा रू चार अर्ब ५५ करोड ४२ लाख नौ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा रू तीन अर्ब ७० करोड ९१ लाख ४२ हजार राजस्व संकलन गर्न सफल भएको छ ।

यही साउनदेखि माघ महिनासम्मको अवधिमा अन्तशुल्कतर्फ रू दुई अर्ब १२ कारेड १६ लाख २९ हजार, आयकरतर्फ रू ६५ करोड ५८ लाख ८१ हजार, मूल्यअभिवृद्धि करतर्फ रू ५० करोड ४७ लाख ९३ हजार, स्वास्थ्य जोखिम करतर्फ रू ३५ करोड ६७ लाख ३१ हजार, ब्याजकरतर्फ रू पाँच करोड ९१ लाख तीन हजार र बहालकरतर्फ रू एक करोड १० लाख छ हजार राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए ।

प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ मा रू आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने वार्षिक लक्ष्य छ । सो कार्यालयमा आयकरतर्फ ३३ हजार पाँच सय ९६, मूल्य अभिवृद्धितर्फ पाँच हजार आठ सय ४९, अन्तशुल्कतर्फ एक हजार पाँच सय ९८, 'विथहोल्ड'तर्फ सात सय ११ र व्यक्तिगततर्फका ८१ हजार आठ सय १२ करदाता रहेका छन् ।

पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु, नियमित बजार अनुगमन, करदाता शिक्षा सञ्चालन तथा बाँकी बक्यौता असुलीमा गरिएको कडाइजस्ता कारणले राजस्व संकलनमा वृद्धि भएको प्रमुख सुवेदीको भनाइ छ ।

## खार्मीका ३६ किसानलाई आधुनिक मौरीका घार

**खोटाङ (प्रस)–** डिभिजन वन कार्यालयले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका ३६ घरका स्थानीय किसानलाई मौरीका आधुनिक घार उपलब्ध गराएको छ ।

जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना (डिसिआरएल)सँगको सहकार्यमा सञ्चालित 'वनमा आधारित उद्यम प्रवर्द्धन' कार्यक्रमअन्तर्गत खार्मीस्थित डाँडाखर्क-खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिमा आबद्ध किसानलाई मौरीका आधुनिक घार निःशुल्क उपलब्ध गराइएको हो ।

वनमा आधारित उद्यम प्रवर्द्धनका लागि खार्मीस्थित डाँडाखर्क-खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिमा आबद्ध किसानलाई मौरीका आधुनिक घार निःशुल्क उपलब्ध गराइएको डिभिजन वन कार्यालयका प्रमुख उदिमप्रसाद राईले जानकारी दिए । 'खार्मीमा व्यावसायिक मौरीपालनका लागि ८० आधुनिक घार वितरण गर्ने कार्यक्रम छ, पहिलो चरणमा ७४ वटा उपलब्ध गराएका छौं', उनले भने, 'बाँकी छ वटा केही दिनभित्रै उपलब्ध गराउछौं, मौरीका घार प्राप्त गर्ने किसानलाई व्यावसायिक मौरीपालनसम्बन्धी प्रशिक्षणसमेत दिइएको छ ।'

व्यावसायिक मौरीपालनका लागि डिभिजन वन कार्यालयले उपलब्ध गराएका मौरीका आधुनिक घार निःशुल्क पाएपछि खार्मीका स्थानीय किसान उत्साहित भएका छन् । मौरीको खाली घार प्रतिगोटा ५२ सयका दरले खरिद गरेर खार्मीका उपभोक्तालाई दुई/दुई घार निःशुल्क उपलब्ध गराइएको डिभिजन वन कार्यालयका वन रक्षक विनोद गजमेरले जानकारी दिए ।

मौरीको घार निःशुल्क प्राप्त गर्ने किसानलाई डिभिजन वन कार्यालयले झिकाएको मौरीपालक किसान छविलाल मगरले व्यावसायिक मौरीपालनसम्बन्धी एकदिने प्रशिक्षणसमेत दिएको जनाइएको छ । डिभिजन वन कार्यालयले उपलब्ध गराएको मौरीका घार खार्मीका वडाध्यक्ष इखबहादुर राईको उपस्थितिमा वन उपभोक्ता महासंघ खार्मीका अध्यक्ष हर्कराज राईले किसानलाई वितरण गरेका हुन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ